# परिच्छेद एक : परिचय

## १.१ पृष्ठभूमि

आजको एक्काइसौं शताब्दीको युगमा गुणस्तरीय शिक्षा मानवीय अपरिहार्य आवश्यकता बनेको छ । शिक्षाको उज्यालो घामबाट कुनै पनि बालबालिका वञ्चित हुन नपरोस् भन्न आदर्श लक्ष्य साकार पार्न नेपाल सरकारले बर्सेनी राज्यको स्रोतबाट शिक्षालाई प्रथामिकता दिँदै लगानी गर्दै आएको छ । देशको कूल बार्षिक बजेटको १६.२७ प्रतिशत शिक्षामा छुट्याइएको छ (नेपाल सरकार, अर्थ मन्त्रालय, २०६६) । साथै नेपाल सरकारले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मन्चहरुमा “सबैका लागि शिक्षा हाम्रो सामूहिक प्रतिवद्धता” भन्ने वचन व्यक्त गरेको छ यसैलाई मुलमन्त्र मानी विभिन्न कार्यक्रम र नीतिहरु अगाडि सारेको छ ।

हाम्रो जस्तो सांस्कृतिक विविधता, भौगोलिक विकटता भएको परिवेश र सीमित स्रोतसाधन भएको मुलुकमा र मूल प्रवाहमा आउन नसकेका दलित, महिला, जनजाति जस्ता विभिन्न समुहहरु को आवश्कतालाई सम्बोधन गर्न सरकार र केन्द्रबाट मात्र सम्भव हुन सक्दैन । यस कार्यलाई स्थानीय निकाय र समुदायको सक्रिय सहभागिता र साझेदारीबाट धेरै हदसम्म सहज बनाउन सकिन्छ । स्थानिय निकायलाई आवश्यक स्रोत साधन उपलब्ध गराई उनीहरुकै सक्रिय सहभागिता विद्यालयको आवश्यकता पहिचान गरी शैक्षिक ब्यबस्थापनको लागि योजना निर्माणदेखि कार्यान्वयन, अनुगमन, मूल्याङ्कनको अधिकार प्रत्यायोजन गरी विद्यालयको व्यावस्थापकीय कार्यकुशलता र क्षमता अभिबृद्धि गरी उपलब्ध स्रोतसाधनको सर्बोतम परिचालन र उपयोग गरी उच्चतम प्रतिफल सुनिश्चित गर्न सकिन्छ । विद्यालयको शैक्षिक व्यावस्थापन गर्न जिल्ला, क्षेत्र र केन्द्रको मात्रै मुख नताकी विद्यालय आफैं प्रयत्न गर्नु पर्दछ । विद्यालयहरुले आफूलाइ सुधार नगरे सम्म अपेक्षित प्रतिफल प्राप्त गर्न सकिदैन । यसै परिप्रेक्ष्यमा विद्यालयको स्वामित्व र व्यावस्थापनका लागि स्थानिय समुदायको क्षमता अभिबृद्धि गर्ने कार्यको आवश्यकता देखिन्छ (नेपाल सरकार, राष्यि योजना आयोग, २०६४) । यस कार्यलाई स्थानीय सरोकारवालाहरुसम्म पुऱ्याउने, समुदायको सक्रिय सहभागिता बढाउन, स्थानीय तहलाई सशक्तिकरण गर्न र विद्यालयको व्यावस्थापकीय सुधारको रुपमा विद्यालय सुधार योजना लाई लिएको छ (शिक्षा विभाग, २०५८ क) ।

आजको एक्काइसौं शताब्दीको युगमा गुणस्तरीय शिक्षा मानवीय अपरिहार्य आवश्यकता बनेको छ । शिक्षाको उज्यालो घामबाट कुनै पनि बालबालिका वञ्चित हुन नपरोस् भनेर नेपाल सरकारले बर्षेनी राज्यको स्रोतबाट शिक्षालाई प्राथमिकता दिँदै लगानी गर्दै आएको छ । देशको कूल वार्षिक बजेटको १६.२ प्रतिशत शिक्षामा छुट्याइएको तथ्याङ्कबाट पनि प्रमाणित हुन्छ । साथै नेपाल सरकारले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मञ्चहरूमा 'सबैका लागि शिक्षा हाम्रो सामूहिक प्रतिवद्धता' भन्ने वचन व्यक्त गरेको छ यसैलाई मूल मन्त्र र नारा ठानी विभिन्न कार्यक्रम र नीतिहरू अगाडि सारेको छ । तर हाम्रो जस्तो सांस्कृतिक विविधता, भौगोलिक विकटता भएको परिवेश र सीमित स्रोत साधन भएको मुलुकमा र मूल प्रवाहमा आउन नसकेका दलित, महिला, जनजाति जस्ता विभिन्न समूहहरूको आवश्यकतालाई सम्बोधन गर्न सरकार र केन्द्रबाट मात्र सम्भव हुन सक्दैन । यस कार्यलाई स्थानीय निकाय र समुदायको सक्रिय सहभागिता र साझेदारीबाट धेरै हदसम्म सहज बनाउन सकिन्छ । स्थानीय निकायलाई आवश्यक साधन र स्रोत उपलब्ध गराई उनीहरूकै सक्रिय सहभागितामा विद्यालयको आवश्यकता पहिचान गरी शैक्षिक व्यवस्थापनको लागि

योजना निर्माणदेखि कार्यान्वयन, अनुगमन, मूल्याङ्कनको अधिकार प्रत्यायोजन गरी विद्यालयको व्यवस्थापकीय कार्यकुशलता र क्षमता अभिवृद्धि गरी उपलब्ध स्रोतसाधनहरूको सर्वोत्तम परिचालन र उपयोग गरी उच्चतम प्रतिफल सुनिश्चित गर्न सकिन्छ । विद्यालयको शैक्षिक व्यवस्थापन गर्न जिल्ला, क्षेत्र र केन्द्रको मात्रै मुख नताकी विद्यालय आफैंले प्रयत्न गर्नु पर्दछ । विद्यालयहरूले आफूले आफूलाई सुधार नगरेसम्म अपेक्षित प्रतिफल प्राप्त गर्न सकिदैन । यसै परिप्रेक्ष्यमा विद्यालयको स्वामित्व र व्यवस्थापनका लागि स्थानीय समुदायको क्षमता अभिवृद्धि गर्ने कार्यको आवश्यकता देखिन्छ र यस कार्यलाई स्थानीय सरोकारवालाहरू सम्म पुऱ्याउने, समुदायको सक्रिय सहभागिता बढाउने, स्थानीय तहलाई सशक्तिकरण गर्ने, विद्यालयलाई व्यवस्थापकीय रुपमा विद्यालय सुधार योजना (SIP) लाई लिइएको छ । SIP विद्यालयको बदलिंदो परिस्थितिको माग मुताविक विद्यार्थीको पहुँच एवं सिकाइ उपलब्धिमा सुधार ल्याउन तयार गरिने एउटा समयावधिक सुक्ष्म योजना हो । SIP ले विद्यालयको भौतिक कार्यमा मात्र होइन सबै पक्षहरूको विकासद्वारा विद्यार्थीको उच्च सिकाइ उपलब्धि सुनिश्चित गर्नमा अहम् भूमिका खेल्दछ । SIP विद्यालयमा पढ्ने बालबालिकाहरूको अभिभावकहरू, शिक्षक, समाजसेवी, विद्यालयको विकास र उन्नतिमा विभिन्न समयमा मेहनत गरेर सहयोग पुऱ्याउने व्यक्तित्वहरू, समुदाय, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, स्थानीय निकायहरू, गैरसरकारी संघसंस्थाहरू साथै सरोकारवालाहरू आपसमा भेला गराई विद्यालयको वर्तमान अवस्थाको पहिचान गरी आगामी दिनमा विद्यालयलाई के कस्तो बनाउने ? कसरी बनाउने ? भनी अगाडि बढाउन तयार गरिने योजना हो । सरोकारवालाहरूलाई विद्यालयको विकासको निम्ति योजना निर्माण, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र परिमार्जन गर्ने जस्ता कार्यहरूमा सक्रिय सहभागी गराएर विद्यालयको शैक्षिक कार्यक्रमको प्रभावकारिता बढाउन सकिन्छ । यसरी विद्यालयलाई नै सुधार गरी व्यवस्थापकीय क्षमता अभिवृद्धि गरी सरोकारवालाहरूलाई विद्यालयको सबै पक्षसँग समावेश गरी सक्रिय सहभागिताको आधारमा विद्यालयले कार्यक्रम, योजना निर्माण, कार्यान्वयन, पुनर्योजना, अनुगमन र मूल्याङ्कन गर्दा अपेक्षित शैक्षिक व्यवस्थापन गर्न सक्दछ भन्ने कुरामा विश्वास गर्न सकिन्छ ।

प्रजातन्त्रको पूनर्वहालीपछि राष्ट्रिय शिक्षा योजना निर्माण गर्ने कार्यलाई अघि बढाउन रा.शि.आ.को प्रतिवेदनले दिएको सुझावहरू अनुसार कार्यन्वयन तहका लागि विद्यालय सुधार योजनाको निर्माण गरी विद्यालय सुधार गर्ने मुख्य उद्देश्यसहित वि.स. २०५६/०५७ देखि स्थानीय क्षमता अभिवृद्धि कार्यक्रम अन्तर्गत कार्यान्वय हुदै आएको छ । शुरूवातमा SIP निर्माणका लागि रु १,०००/- र SIP मा राखिएका कार्यक्रमहरू कार्यान्वयन गर्न फन्ड A अन्तर्गत रु २,०००/- फन्ड B अन्तर्गत रु ११,००० र फन्ड C अन्तर्गगत रु १५,०००/- रुपैयाका दरले विद्यालयहरू उपलब्ध गराइयो । पछि स्थानीय तहमा नै आवश्यकताको पहिचान गरी स्थानीय सरोकारवालाको सक्रियतामा योजना बनाई सीमित स्रोतबाट अधिकत्तम फाइदा पुऱ्याउने रहेको थियो । यसमा रकम खर्च गर्दा ४०% पहुँच (Access), ३०% व्यवस्थापन (Management) र ३० % गुणस्तर (Quality) सम्बन्धी कार्यक्रममा खर्च गर्न सकिने प्रावधान समेत राखिएको थियो ।

शिक्षाको अवसरबाट कुनै पनि बालबालिका वञ्चित हुन नपरोस् तथा गुणस्तरीय शिक्षाको माध्यमबाट उनीहरूको भविष्य सुनिश्चित होस् भन्ने हेतुले नेपाल सरकारले राज्यका स्रोतहरूलाई शिक्षको विकासमा प्राथमिकता दिई लगानी गरेको छ । देशको कुल बार्षिक बजेटको लगभग १७% शिक्षामा छुट्याइएको बाट पनि यो कुरा स्पष्ट हुन्छ । हाम्रो जस्तो विविध सांस्कृतिक परिवेश र भौगोलिक विकटता भएको मुलुकमा छरिएर रहेका र मूल प्रवाहमा आउन नसकेका दलित, महिला, पिछडिएका जनजाति जस्ता विभिन्न समूहको आवश्यकतालाई सम्बोधन गर्न सरकारको प्रयासबाट मात्र सम्भव नहुने हुनाले स्थानीय निकाय र समुदायको सक्रिय साझेदारीमा योजना निर्माणदेखि कार्यान्वयन र अनुगमनसम्मको अधिकार निक्षेपण गरी स्थानीय आवश्यकता र चाहना अनुसारको कार्यक्रम निर्माण र कार्यान्वयन हुन सकोस् भन्ने उद्देश्यले तयार पारिएको SIP हालको निर्माण प्रक्रिया कस्तो छ ? सरोकारवालाको चासो कस्तो छ ? भन्ने प्रश्नहरू अनुउत्तरित रहेको विद्यमान परिवेशमा SIP को विद्यालय व्यवस्थापनमा कस्तो प्रभाव परेको छ ? भन्ने सवालमा अध्ययन कमै हुने गरेकाले यसै विषयलाई नै यो शोधको मुख्य एजेण्डा बनाइको हो ।

## १.२ समस्याको कथन

विद्यालय बालबालिकाहरूलाई औपचारिक शिक्षा प्रदान गर्ने शैक्षिक संस्था हो । विद्यालयबाट विद्यार्थी, शिक्षक, अभिभावक, समुदाय, समाज र राष्ट्रले गुणस्तरीय शिक्षा, राम्रो शैक्षिक वातावरण र अनुशासन जस्ता कुराहरूको अपेक्षा गरेको हुन्छ । विद्यालयबाट विद्यार्थी, समाज, अभिभावक, राष्ट्रले राखेका अपेक्षा प्रदान गर्न विद्यालय स्वयम् जिम्मेवार र उत्तरदायी हुनुपर्छ । यसको लागि विद्यालय आफैं सुधारिनु पर्छ । आज विद्यालयको समग्र शैक्षिक, भौतिक, शिक्षण सिकाइ, व्यवस्थापन, प्रशासन योजना निर्माण, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन, आवशयकता परिचान, साधन र स्रोतको व्यवस्थान गर्न केन्द्र, क्षेत्र र जिल्लाको मात्र मुख ताक्ने प्रवृत्ति छ । केन्द्र र जिल्लाको शैक्षिक योजनाले मात्र विविध परिवेश आर्थिक, भौगोलिक, सांस्कृतिक, सामाजिक, जातीय अवस्थामा गुज्रिरहेको विद्यालयहरूको उद्देश्य आवश्यकता, प्राथमिकता, समस्या, विद्यार्थीको उच्च सिकाइ र उपलब्धि जस्ता पक्षहरूलाई गहिरिएर वास्तविक रुपमा समेटन सकेको छैन ।

विद्यालयको सीमित साधन र श्रोतको उच्चतम परिचालन विद्यालय प्रतिको समुदायमा स्वामित्व र अपनत्वको भावना जागृत गर्नुपर्ने, विद्यालयलाई सुधार गर्न सरोकारवालाहरूसँग समन्वय गरी सक्रिय सहभागिता ल्याउनु पर्ने जस्ता प्रमुख समस्याहरूको समाधान खोज्ने विषयहरूमा यस शोधले चासो देखाएको छ । विद्यालयले आफूलाई सुधार गरी समुदायका सरोकारवालाहरूसँग समन्वय, छलफल गरी विद्यालयको अवस्था, उद्देश्य, आवश्यकता, समस्याहरू, प्राथमिकता निर्धारण, आवश्यक साधन र स्रोत उचित परिचालन र व्यवस्थान गर्न योजना निर्माण, कार्यान्वयन, अनुगमन र पुनयोजना गर्नु पर्ने टड्कारो आवश्यकता छ । त्यसैले यस अध्ययनबाट निम्न तथ्यहरू खोज्ने प्रयास गरिएको छ । विद्यालय सुधार योजनाको सामान्य जानकारी दिई सरोकारवालाहरूलाई विद्यालयप्रति स्वमित्व तथा अपनत्वको भावना जागृत गराउने । यस्तै विद्यालयको व्यवस्थापनमा समुदायको सहभागिता बढाउदै लगी विद्यालयको सुधार र विकास गर्न सरकार, केन्द्र, क्षेत्र, जिल्लामा मात्र निर्भर नपरी आफ्नै तहबाट पनि प्रयास गर्नुपर्छ भन्ने बोध गर्न । त्यस्तै विद्यालयमा उपलब्ध सीमित स्रोतसाधनलाई विद्यालयको विकासमा कसरी उच्चतम परिचालन र सदुपयोग गर्ने र अपुग स्रोतसाधन जुटाउन विकल्पको खोजी गर्दै विद्यालयको समस्या, आवश्यकता, उद्देश्यको प्राथमिकता निर्धारण गर्दै विद्यालय विकासमा भावी योजना कस्तो बनाउने जसले विद्यालयलाई सुधार गर्न सक्छ भन्ने जस्ता प्रश्नहरूमा यस अध्ययनलाई केन्द्रित गरिएको छ ।

## १.३. अध्ययनको औचित्य

विद्यालय सुधार योजनाको अवधारणात्मक स्पष्टताले विद्यालयमा अध्ययन गर्न आउने बालबालिकाहरू हाम्रो समाज र राष्ट्रका भविष्यका कर्णाधार हुन भन्ने चेतना सामुदायिक विद्यालयमा पुऱ्याउने मद्दत पुग्छ भन्ने कुरालाई ध्यानमा राखी यस शोधपत्र तयार गरिएको छ । स्थानीय स्रोत र साधनलाई अधिकतम परिचालन गरी विद्यालयप्रति अपनत्वको भावना जागृत गराई सहकार्य र सहमतिको आधारमा विद्यालयलाई योजनावद्ध विकाश गर्न अत्यावश्यक भइसकेको कुरालाई यस शोध पत्रले आत्मसात् गरेको छ ।

"सबैको लागि शिक्षा (Education for All)" भन्ने विश्वव्यापी नारालाई, नेपाल सरकारले पनि आत्मसात गरी "सबैको लागि शिक्षा हाम्रो सामूहिक प्रतिवद्धता" भन्ने वचन व्यक्त गरेको छ र यसैलाई मूलमन्त्र ठानी विविध कार्यक्रमहरू र नीतिहरू अगाडि ल्याएको छ । साथै शिक्षाको उज्यालो घामबाट कुनै पनि बालबालिकाले वञ्चित हुन नपरोस् र गुणस्तरीय शिक्षाको माध्यमबाट उनीहरूको भविष्य सुनिश्चित होस् भन्ने हेतुले नेपाल सरकारले शिक्षामा प्राथमिकताका साथ लगानी गरिरहेको छ । यसै तहबाट गरिएको सुधार र प्रयत्नबाट मात्र सम्भव छैन, विद्यालय स्वयंले पनि सुधार र प्रयत्न गर्नुपर्दछ । यस कार्यमा विद्यालय प्रशासन एक्लैले मात्र केही पनि गर्न सक्दैन, यसमा शिक्षक, अभिभावक, स्थानीय निकाय, समुदाय, गैर सरकारी संघसंस्था, बुद्धिजीवी, समाजसेवी र सरोकारवालाहरूको पनि अहम् भूमिका हुन्छ भन्ने कुराको खोजी नै यस अध्ययनको मुख्य केन्द्रविन्दु हो । विद्यालयको शैक्षिक व्यवस्थापन गर्न विद्यालयको स्वामित्व र व्यवस्थापनका लागि स्थानीय समुदायको क्षमता अभिवृद्धि गर्नमा SIP को भूमिका रहन्छ । यी भूमिकालाई स्थानीय निकाय, समुदाय, सरोकारवालाहरूसम्म कसरी पुऱ्याउने ? विद्यालयको उन्नतिमा स्थानीय सहभागिता कसरी बढाउने ? विद्यालयलाई व्यवस्थित रुपमा सुधार गर्ने कार्यक्रमको रुपमा SIP लाई एउटा सशक्त माध्यमको रुपमा यसको भूमिका बताउन खोज्नु नै यस अध्ययनको औचित्य हो । साथै विद्यालयको वर्तमान अवस्थाको पहिचान गरी भावी योजना तयार गरेर यस कार्यमा स्थानीय निकाय, समुदायहरूमा स्वामित्वको भावना जागृत गर्न सकिन्छ र यसमा सरोकारवालाहरूको भूमिका रहन्छ भन्ने कुरा अध्ययनको विषयवस्तु बनेको छ ।

## १.४. अध्ययनको उद्देश्यहरू (Objective of the Study)

यस अध्ययनको उद्देश्यहरूलाई निम्न लिखित बुँदाहरूमा उल्लेख गरिन्छ ।

क) विद्यालय सुधार योजनाको वर्तमान अवस्थाको पहिचान गर्ने

ख) शैक्षिक व्यवस्थापनमा विद्यालयमा विद्यालय सुधार योजनाको प्रभाव विश्लेषण गर्ने

ग) विद्यालय सुधार योजनाको कार्यान्वयनमा देखिएका समस्याहरू पहिचान गरी निदानको उपाय खोजी गर्ने ।

## १.५. अनुसन्धानात्मक प्रश्नहरू (Research Questions)

निम्न लिखित अनुसन्धान प्रश्नहरूमा आधारित भई यस अध्ययन गरिएको छ ।

क) सामुदायिक विद्यालयमा विद्यालय सुधार योजनाको वर्तमान अवस्था कस्तो रहेको छ ?

ख) विद्यालयमा विद्यालय सुधार योजनाका प्रमुख चुनौतीहरू के के रहेका छन् ?

ग) विद्यालयको व्यवस्थापकीय क्षमता बढाउन विद्यालय सुधार योजनाले कतिको मद्दत गरेको छ ?

घ) विद्यालयको व्यवस्थापकीय क्षमता अभिवृद्धिमा विद्यालय सुधार योजनाको भूमिका प्रभावकारी बनाउन के के उपाय अवलम्बन गर्नु पर्ला ?

## १.६. अध्ययनको परिसीमा (Delimitation of the Study)

यस अध्ययन अनुसन्धानको कार्य शैक्षिक योजना तथा व्यवस्थापन विषयमा स्नाकोत्तर तह दोस्रो वर्षको पाठयांश परिपूर्तिका लागि तयार गरिएको हो । यस अध्ययनले सामुदायिक विद्यालयको शैक्षिक व्यवस्थापनमा विद्यालय सुधार योजनाको भूमिकालाई समेटेको भएतापनि अनुसन्धानकर्ताको समय तथा आर्थिक अभावका कारणले झापा जिल्लाको हल्दीवारी स्रोत केन्द्रअन्तर्गत पर्ने सामुदायिक विद्यालयमध्ये भौगोलिक सुगमता, क्षेत्र तथा तहगत प्रतिनिधित्व हुने गरी प्राथमिक विद्यालय २ वटा, निम्न माध्यमिक विद्यालय २ वटा र माध्यमिक विद्यालय २ वटा नमुना विद्यालयको रुपमा छनौट गरि अध्ययन गरिएको छ ।

यसैगरी यी सामुदायिक विद्यालयहरूमा कार्यरत प्रधानाध्यापक, शिक्षक तथा सरोकारवाला, अभिभावक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, शिक्षाप्रेमि समाजसेवी र अध्ययनरत विद्यार्थीहरू समेतलाई अध्ययनभित्र समेटिएको छ ।

## १.७. शब्दहरूको परिभाषा (Definition of the Terms)

यस अध्ययनमा अनुसन्धान कार्यलाई सरल र सहज पार्नका लागि अध्ययनमा देखा परेका जटिल र अप्ठ्यारा शब्दहरूको अर्थ प्रष्ट हुने गरी परिभाषित गरिएको छ ।

| | | |
|---|---|---|
| विद्यालय | : | नेपाल सरकारबाट नियमित अनुदान प्राप्त गर्ने गरी स्थापना गरिएको विद्यालयलाई जनाउनेछ । |
| अभिभावक | : | विद्यालयमा अध्ययनरत विद्यार्थीको आमा बुबा र हजुरबुबा वा हजुर आमालाई जनाउने छ । |
| समुदाय | : | विद्यालय रहेको वरीपरिको समाज |
| सरोकारवाला | : | विद्यालयसँग प्रत्यक्ष/ अप्रत्यक्ष सम्बन्धित व्यक्ति |
| श्रोतव्यक्ति | : | समुह विद्यालयको स्रोत केन्द्रका प्रमुख व्यक्ति |
| शिक्षक | : | विद्यालयमा अध्ययनरत बालबालिकालाई अध्यापन गराउने व्यक्ति |
| विद्यार्थी | : | विद्यालयमा अध्ययनरत बालबालिका |
| योजना | : | विद्यालयको दीर्घकालिन वा अल्पकालिन विकासका लागि सरकोकारवाला व्यक्तिले निर्माण गरेको योजना |
| विद्यालय व्यवस्थापन समिति | : | विद्यालय सञ्चालन र व्यवस्थापनमा सहयोग गर्ने समूह । |
| स्रोतकेन्द्र | : | शिक्षा नियमावली २०६७ अनुसार बनेको जिल्ला शिक्षा अन्तर्गत सञ्चालित संस्था (समूह विद्यालयको केन्द्र) |

# परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन र अध्ययनको सैद्धान्तिक खाका

## २.१. सम्बन्धित साहित्यको पुनरावलोकन

यस शोधपत्रमा सामुदायिक विद्यालयको शैक्षिक व्यवस्थापनमा विद्यालय सुधार योजनाको भूमिकालाई अध्ययन गर्नका लागि सहयोग पुऱ्याउने विभिन्न लेख, रचना, अनुसन्धनात्मक कृतिहरू प्रकाशित भएका छन् । विद्यालय सुधार योजना (SIP) सँग सम्बन्धित सरकारी पक्षहरूबाट प्रशस्त लेख, रचना, अनुसन्धान, कृति, निर्देशिका, सहयोगी कार्यक्रम पुस्तिका, सन्दर्भ सामाग्रीहरूको अध्ययन गरी यस शोधकार्यसँग नितान्त निकट र सम्बन्धित आवश्यक केही साहित्यहरूको अध्ययन शोधकर्तालाई सफल बनाउने उद्देश्यले अभिलेखीकरण गरिएको छ ।

गुरुङ्ग (२०६१) ले झापा जिल्ला भद्रपुर स्रोतकेन्द्रका 'सामुदायिक विद्यालयहरूको शैक्षिक विकासमा विद्यालय सुधार योजनाको भूमिका' विषयक शोध गर्नु भएको छ । उक्त शोधमा भद्रपुर स्रोतकेन्द्रभित्र रहेका नमूना संकलनमा परेका विद्यालयहरूको शैक्षिक, आर्थिक, भौतिक अवस्था तथा शिक्षक, विद्यार्थी, अभिभावक, र क्रियाशीलतालाई विद्यालय सुधार योजनाले पुऱ्याएको योगदान, चुनौती र आगामी दिनहरूमा चुनौती सामना गर्ने आवश्यक सुझावहरू प्रस्तुत गरिएको छ । गुरुङ्गले विद्यालय तहमा (SIP) निर्माण प्रक्रिया सम्पन्न हुने गरेको तर कार्यान्वयन प्रक्रिया फितलो रहेको, कागजी योजनाको रुपमा रहेको, समुदायको चासो अझ घटेको स्थानीय स्रोतसाधनको परिचालनभन्दा माथिल्लो निकायको मुख ताकेको, सबैको लागि गुणस्तरीय शिक्षा प्रदान गर्न नसकेको, विद्यालय स्रोतको बाँडफाँड तथा वितरणमा पारदर्शिता ल्याई आपसी विश्वासको वातावरण सृजना नसकेको, स्थानीय सरोकारवालालाई विद्यालयको विकासमा सक्रिय सहभागिता बढाउन नसकेको जस्ता निष्कर्ष निकालिएको छ । यसले के पुष्टि गर्छ भने SIP को भावना र मर्म अनुरुप कार्य हुन नसकी मनोमानी ढंगबाट योजनाको निर्माण मात्र हुने गरेको देखिन्छ (गुरुङ्ग, २०६१) ।

शिक्षा विभाग (२०६१) ले विद्यालय सुधार योजना सहयोगी पुस्तिका प्रकाशन गरेको छ। उक्त पुस्तिकामा नेपालको वर्तमान शैक्षिक अवस्थाको बारेमा उल्लेख गर्दै विद्यालय सुधारका निम्ति विद्यालय सुधार योजनाले सरोकारवालाहरूको सहभागितामा योजना निर्माण, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन गरी शैक्षिक उपलब्धि हाशिल गर्न सम्बद्ध सरोकारवालाहको काम, कर्तव्य, जिम्मेवारी र भूमिका बारे स्पष्ट पारेको छ। उक्त पुस्तिकामा विद्यालय सुधार योजनाको योगदान र भूमिकालाई स्पष्ट पार्न विद्यालय सुधार योजनाका विषयवस्तु, उद्देश्यहरू, मुख्य पक्षहरू, कार्यानीति, सवल पक्षहरू, दुर्वल पक्षहरू, अवसरहरू र चुनौतीहलाई प्रस्तुत गरेका छन्। साथै उक्त पुस्तिकाले सामुदायिक विद्यालयहरूको व्यवस्थापन र विकाशमा सहयोग पुऱ्याउन सक्ने गरी विद्यालय सुधार योजना निर्माणमा संलग्न व्यक्तिहको हकलाई आवश्यक पर्ने नियमावली पनि प्रस्तुत गरेको छ (शिक्षा विभाग, २०६१)।

सामुदायिक विद्यालय सहयोग कार्यक्रम (CSSP), २०६० ले नेपाल सरकार, शिक्षा तथा खेलकुद मन्त्रालय, शिक्षा विभागहरू सामुदायिक विद्यालयको व्यवस्थापन र विकाशमा खेलेको भूमिकालाई स्पष्ट पारेको छ। नेपाल सरकार, शिक्षा तथा खेलकुद मन्त्रालय, शिक्षा विभाग, सामुदायिक विद्यालय सहयोग कार्यक्रम, सानो ठिमी, भक्तपुरद्वारा प्रकाशित समुदायद्वारा व्यवस्थापन हुने विद्यालय सञ्चालन कार्य प्रणाली निर्देशिका २०६० मा विकेन्द्रीकरणको अवधारणा अनुसार शिक्षा ऐन, २०२८ (सातौं संशोधन, २०५८) मार्फत सामुदायिक विद्यालय व्यवस्थापन समितिमा अभिभावकहरूबाट छानिएका प्रतिनिधिहरू रहने प्रावधान गर्नुको साथै समितिलाई अधिकार सम्पन्न बनाउने व्यवस्था उल्लेख भए अनुसार विद्यालयको व्यवस्थापनमा समुदायको भूमिका सदृढ गरी शैक्षिक गुणस्तर अभिवृद्धि गर्न सकिने कुरालाई उल्लेख गरेको छ। सामुदायिक विद्यालयहरूको व्यवस्थापन समुदायमा हस्तान्तरण गर्ने सरकारी नीति अनुसार सामुदायिक विद्यालय हस्तान्तरण कार्यक्रमलाई सहयोग गर्न नेपाल करकार र विश्व वैंकको संयुक्त सहभागितामा ३ वर्षे सामुदायिक विद्यालय सहयोग आयोजना आ.व. २०६०/०६१ देखि शुरु भएको कुरा प्रष्ट पारेको छ। आयोजना मार्फत १५०० विद्यालयहरूलाई प्रोत्साहन स्वरुप तहगत रुपमा एक लाख रुपैया प्रदान गर्ने र निश्चित मापदण्डको आधारमा थप अनुदान प्रदान गरी सामुदायिक विद्यालयहरूको व्यवस्थापकीय पक्षमा सुधार गरी शिक्षाको गुणस्तर वृद्धि गर्न यो सहयोग कार्यक्रमको लक्ष्य रहेको देखाएको छ। यस कार्य प्रणाली निर्देशिकामा विद्यालयको व्यवस्थापन, समुदायमा हस्तान्तरण गर्ने कार्यक्रमको ढाँचा, विद्यालयहरूले गर्नुपर्ने कार्यहरू, प्राप्त गर्ने सहयोग, लेखा कार्यान्वयन गर्ने तरिकाहरू, लेखापरीक्षण, विभिन्न अनुसूचीहरूको व्यवस्था भएकोले सामुदायिक विद्यालयहरूलाई समुदायमा हस्तान्तरण गरी समुदायलाई जिम्मेवार बनाउदै उपलब्ध स्रोतसाधनको साथै सरकारबाट प्राप्त विभिन्न सहयोग र अनुदान लिएर सक्षमताका साथ विद्यालय सञ्चालन गरी शैक्षिक सुधार र गुणस्तर अभिवृद्धि गर्नमा दिशा निर्देश गरेको छ (CSSP, २०६०)।

शिक्षा विभाग, २०६० ले विद्यालय सुधार योजना (SIP) मा आधारित मोडुलर पुनःताजगी तालिम पुस्तिका "विषयगत शिक्षण वार्षिक कार्ययोजना - २०६०" मा प्राथमिक शिक्षक मोडुलर पुनःताजगी तालिममा विभिन्न विषयहरूको शिक्षण तरीका, वार्षिक कार्यतालिका (Operation Calendar), एकाई योजना विषयगत शिक्षणको वार्षिक कार्ययोजना, विशिष्टीकरण तालिका र नमूना प्रश्नहरू जस्ता पक्षहरूलाई समेटेको छ। उक्त पुस्तिकामा लक्ष्य निर्धारणको नमूना, लक्ष्य तथा सूचक निर्धारण र उपलब्धि विश्लेषण जस्ता प्राविधिक पक्षहरूको सिकाइबाट शिक्षक, प्र.अ. तथा विद्यालयका व्यवस्थापन समितिलाई सहयोग पुग्ने कुरालाई प्रष्ट पारेको छ। जसबाट SIP ले सामुदायिक विद्यालयको शैक्षिक व्यवस्थापनमा खेलेको भूमिकालाई स्पष्ट पार्न थप सहयोग पुगेको छ (विभाग, २०६०)।

खतिवडा (२०६६) ले ताप्लेजुङ्ग जिल्लामा SIP निर्माणको प्रक्रिया र कार्यान्वयनको अवस्थामा गर्नु भएको अनुसन्धानात्मक शोधपत्रमा सामुदायिक विद्यालयमा SIP निर्माणको वर्तमान अवस्था र यसको कार्यान्वयनमा प्रभावकारितलाई मुख्य उद्देश्य राखि गरिएको छ। यस शोधपत्रले गुणात्मक तथा परिणात्मक तथ्याङ्कका लागि प्रश्नावली, अन्तर्वाता र छलफल जस्ता अनुसन्धानका विधिहरू प्रयोग गरिको छ। खतिवडा (२०६६) ले प्राप्त सचनाको विश्लेषण गर्दै SIP लाई विद्यालयको ऐतिहासिक दस्तावेज. तल्लो निकायदेखि माथिल्लो निकायतर्फ विद्यालय सधार कार्यक्रमको

९

।

सकलन स्थानाय रुपमा सकलन भएका, याजना कातपय विद्यालयमा आपचारिकतामा सामित रहका, कायन्वयन पक्ष कमजार रहका, सरोकारवालहरूसँग सीपको कमी रहेको, योजनालाई प्राथमिक तहतर्फ बढी केन्द्रित गरेको, सिकाइ

उपलब्धिमा प्रभाव पार्न नसकेको जस्ता तथ्यगत कुरालाई निष्कर्ष / सारांशको रुपमा प्रस्तुत गरेको छ । यसले के स्पष्ट हुन्छ भने सामुदायिक विद्यालयमा निर्माण हुँदै आएको SIP औपचारिकतामा मात्र सीमित भई कार्यान्वयन पक्षमा कमजोर हुन गएकाले लक्ष्य र उद्देश्य प्राप्तिमा  सहयोग नपुगेको विश्वास गर्न सकिन्छ (खतिवडा, २०६६) ।

## २.२. अध्ययनको सैद्धान्तिक खाका

यस अध्यायमा सैद्धान्तिक खाकाको रुपमा वैज्ञानिक व्यवस्थापनको सिद्धान्त (Scientific Management Theory) र मानव सम्बन्ध सिद्धान्त (Human Relation Theory) गरी दुईवटा सिद्धान्तलाई प्रस्तुत गरिएको छ । मूलतः यो अध्ययन "सामुदायिक विद्यालयको शैक्षिक व्यवस्थापनमा विद्यालय सुधार योजनाको भूमिका" विषयक यस शोधपत्रमा सान्दर्भिक र उपयोगी ठहरिएको छ । विद्यालय एउटा त्यस्तो संस्था हो जसमा शिक्षक, विद्यार्थी र अभिभावकहरूको त्रिपक्षीय घनिष्ट सम्बन्ध रहनुपर्छ साथै शिक्षकको योग्यता, क्षमता र शिक्षण विधि, शैक्षिक सामाग्रीहरूको शिक्षण गतिविधिमा महत्पूर्ण प्रभाव रहने भएकोले विद्यालयको व्यवस्थापकीय पक्ष र ती विद्यालयहरूमा सरोकारवालाहरूको मानवीय सम्बन्धलाई सहयोग पुऱ्याउन दुवै सिद्धान्तहरूले महत्वपूर्ण भूमिका खेल्न सक्छन् ।

एफ. डब्लु. टेलरले सन् १९१३ मा प्रतिपादन गरेको वैज्ञानिक व्यवस्थापन सिद्धान्त विसौं शताब्दीका शुरुका वर्षहरूमा उत्पादकत्व बढाउने चुनौतीलाई सामना गर्ने उद्देश्यका साथ तयार गरिएको थियो । वैज्ञानिक व्यवस्थापन भनेको मानिसलाई कुन काम गराउन खोजिएको छ र कुन काम गर्न दिएमा उनीहरूको राम्रो र किफायती ढंगले सम्पन्न गर्न सक्छन् भन्ने कुराको सही ढङ्गले जान्ने कला हो ।

विद्यालयको भौतिक व्यवस्थापन, शिक्षण प्रभावकारिता र शैक्षिक गुणस्तर वृद्धिका लागि यस सिद्धान्तको उपयोग हुन्छ । शिक्षण प्रभावकारिता र शैक्षिक गुणस्तर वृद्धिका लागि शिक्षक र विद्यार्थी कक्षाकोठामा कति हुनुपर्ने, कसरी शिक्षण गर्नुपर्ने जस्ता काममा यस सिद्धान्तले प्रभाव पार्छ । टेलरको वैज्ञानिक व्यवस्थापनको सिद्धान्तबमोजिम विद्यालयमा उपलब्ध श्रोतसाधन र मानव संशोधनलाई अधिकतम् उपयोग हुने गरी प्रयोग गर्न सकिन्छ । विद्यालयका शिक्षक, विद्यार्थी, प्र.अ., अभिभावक र सबै सरोकारवालालाई शैक्षिक गुणस्तर वृद्धिका लागि आ-आफ्नो पक्षबाट जिम्मेवार बनाउदै लैजान सकिन्छ ।

भागिदारसमेत बनाउनु पर्छ । उत्पादनमा कमी आउने कारणमा व्यवस्थापनमा हुने लापरबाही र कामदारलाई वेवास्ता गर्नु पनि हो । त्यसैले कामदारलाई पुरस्कारको व्यवस्था, कामदारको कमीकमजोरी हटाउन उपयुक्त तालिमको व्यवस्था, कामदार र मालिकबीचको मैत्रीपूर्ण सम्बन्ध जस्ता कार्यहरूको विकास उनका महत्वपूर्ण योगदान हुन् (शर्मा, २०५६) । शर्मा (२०५६) ले वैज्ञानिक व्यवस्थापन सिद्धान्तको प्रयोग शिक्षा क्षेत्रमा निम्नानुसार हुँदै आएको कुरा उल्लेख गरेका छन् ।

शैक्षिक व्यवस्थापनको परम्परागत रुपमा चल्दै आएको रूढिवादी धारणालाई अनुसन्धान र विश्लेषणद्वारा निर्मित सिद्धान्तका आधारमा अघि बढाउनुपर्छ भनी अनुसन्धानात्मक कार्यहरूको प्रयोगको शुरूवात, शैक्षिक योजना निर्माण गरी योजना अनुसारका मानवीय भौतिक श्रोत र साधनको परिचालन गरी शिक्षाका उद्देश्यहरू पूरा गर्ने / गराउने कार्यको थालनी भएको, प्रत्येक शिक्षक, विद्यार्थी, कर्मचारीको कामको विश्लेषण (Job Analysis) गर्ने र यस्तो कार्य विश्लेषणको विस्तृत रुप पाठ्यक्रम निर्माणका समयमा निश्चित गरी पाठ्यक्रममा समावेश गरिन थालेको, शिक्षकहरूको शिक्षण दक्षता र कार्यदक्षताको अभिवृद्धिका लागि तालिमको व्यवस्थाको शुरूवात भएको, विद्यार्थीका सिकाइ उपलब्धिको मापनका लागि मूल्याङ्कनका विविध प्रविधि / प्रक्रियाको थालनी भएको, शैक्षिक प्रशासनमा शिक्षकको सहयोगार्थ शिक्षकको दक्षता विकास र शिक्षणको प्रभावकारिताका लागि विद्यालय सुपरिवेक्षणको व्यवस्था थालनी भएको पाइएको छ ।

मानव सम्बन्ध सिद्धान्तको विकास प्रो. जर्ज एल्टन मायो र मेरी पार्कर फलेटले गरेका हुन् । यद्यपि यस सिद्धान्तका प्रवर्तक (Founder) का रुपमा मायो (१८८० - १९४९) लाई मानिन्छ । यो सिद्धान्तले उत्पादकत्व बढाउन व्यवस्थापन र कामदारको बीच हुने अन्तर्क्रियामा निर्भर हुने कुरा उल्लेख गरेको छ । व्यक्तिको सोचाइ प्रवृत्ति र व्यवहार अर्को व्यक्तिसँग कसरी प्रस्तुत हुन्छ ? त्यसमा नै मानव सम्बन्ध निर्भर हुने गर्दछ । यसमा मनोविज्ञान, व्यक्तिगत गुण र मानवीय तत्वले प्रत्यक्ष प्रभाव पारिरहेको हुन्छ । मानव सम्बन्ध सिद्धान्त सन् १९५० तिरको प्रचलित सिद्धान्त हो । यस अगाडिका सिद्धान्तले संगठन र कार्यलाई यान्त्रिक दृष्टिकोणले हेरेको कारण यो सिद्धान्तको सुरुवात भएको हो ।

कुनै पनि संगठनमा कार्य गर्नेहरूका बीच राम्रो सम्बन्ध भएमा कार्य सम्पादन राम्रो, चाँडो र स्तरीय हुने र यसको विपरित मानव सम्बन्धले कार्य सम्पादन ढिलो, नराम्रो र कम गुणस्तरीय हुन्छ भन्ने कुराले धेरैमा प्रभाव पार्न थाल्यो (कोइराला र श्रेष्ठ, २०६२) । ढकाल (२०५६) का अनुसार यस सिद्धान्तलाई शिक्षा यस प्रकार उपयोग गर्दै आएको पाइन्छ ।

शिक्षामा प्रजातान्त्रिक संस्कार भित्र्न गयो । पाठ्यक्रम निर्माणदेखि शिक्षाका सम्पूर्ण क्रियाकलापमा शिक्षकको सहभागितालाई प्रयोगमा ल्याउने प्रयास भयो, शिक्षा प्रशासनलाई प्रजातान्त्रिकरण गरिनुको साथै शैक्षिक व्यवस्थापक र शिक्षक बीचको सम्बन्धलाई सुमधुर बनाउन थालियो, विद्यालयको विकासमा सबैको सहभागिता हुनुपर्दछ भन्न थालियो, विद्यार्थीको शिक्षण सिकाइ प्रजातान्त्रिक धारणा अनुरुप हुनुपर्ने मान्यता रहेको पाइन्छ ।

## २.३. शैक्षिक उपादेयता

यस अध्ययन सामुदायिक विद्यालयहरूमा विद्यालय सुधार योजना कार्यान्वयनको वर्तमान अवस्थाको अध्ययन, यसका समस्याहरू र सिकिएका अनुभवहरूबाट अन्यत्र विद्यालयहरूमा सकारात्मक कार्यान्वयनको निम्ति सहायक सिद्ध हुनेछ । त्यस्तै सिमित स्रोतसाधनबाट विद्यालयको चौतर्फी विकासमा सम्बद्ध सरोकारवालाहरूको सहभागितामा विद्यालय सुधार योजना कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्न उपरोक्त सन्दर्भ सामाग्रीहरूको पुनरावलोकनले मद्दत पुगेको छ ।

यस अध्ययनका लागि प्रस्तुत गरिएका वैज्ञानिक व्यवस्थापनको सिद्धान्त र मानव सम्बन्ध सिद्धान्तले फरक- फरक धारणा प्रस्तुत गरेतापनि अन्ततोगत्वा संगठनको उत्पादन वृद्धि गरेर संगठनलाई नै बलियो बनाउन विशेष जोड दिएका छन् । यस प्रकार यी सिद्धान्त कामदारलाई प्रोत्साहन गरी उद्योगको उत्पादन बढाउने मान्यतामा आधारित भएतापनि शिक्षा क्षेत्रमा शैक्षिक व्यवस्थापन गर्दा उपयोगी हुन सक्ने तर्फ ध्यानाकर्षण गराएको छ ।

उदाहरणको लागि वैज्ञानिक व्यवस्थापनको सिद्धान्तलाई उपयोग गरी मानवीय, भौतिक स्रोतसाधनको उच्चतम परिचालन गर्न सकिन्छ भने शिक्षक र विद्यार्थीबीचको आनुपातिक व्यवस्थाको यकिन गरी सिकाइ उपलब्धिमा वृद्धि गराउँदै गुणस्तरीय शिक्षा प्रदान गर्न समेत यी सिद्धान्तलाई उपयोग गर्न सकिन्छ । त्यसैगरी विद्यालयहरूमा विद्यालय सुधार योजनाको निर्माण एवं कार्यान्वयवन प्रक्रियाले सिकाइ उपलब्धि, शैक्षिक व्यवस्थापन र विकासमा पारेको प्रभावसँग सम्बन्धित साहित्यको अध्ययनले विद्यालयमा मद्दत पुगेको छ ।

यसरी विद्यालय सुधार योजना, निर्माण र कार्यान्वयन प्रक्रियालाई वैज्ञानिक ढंगले मेल गर्न सकिएमा विद्यालयले अपेक्षित लक्ष्य र उद्देश्य प्राप्त गर्न सकिनुका साथै त्यसले राष्ट्रिय शिक्षा विकासमा समेत थप मद्दत गर्न सक्छ । सामुदायिक विद्यालयमा विद्यालय सुधार योजनाको अध्ययनबाट प्राप्त सूचना, विश्लेषणलाई उपयोग गर्न सक्नु र सरल एवम् प्रभावकारी ढंगबाट शैक्षिक व्यवस्थापन गराउनु सहयोग पुऱ्याउँनु नै यस अध्ययनको शैक्षिक उपादेयताको रुपमा लिइएको छ । त्यसैगरी सिद्धान्त तथा साहित्यको पुनरावलोकनबाट यस अध्ययनलाई अगाडि बढाउन मद्दत गऱ्यो भने अध्ययनको शीर्षकमा देखिएका अन्तरलाई पहिचाज गर्न मद्दत गऱ्यो । यसै गरी अध्ययन कार्यलाई दिशानिर्देश गर्ने र सैद्धान्तिक खाका निर्माण गर्न बल पुऱ्यायो ।

# परिच्छेद तीन : अध्ययन विधि

अनुसन्धानको समग्र प्रक्रिया तथा विस्तृत रुप नै अनुसन्धान पद्धति वा विधि हो । अनुसन्धानको प्रस्ताव तयार गर्नेदेखि लिएर अध्ययन पूरा गर्दासम्म गरिने सम्पूर्ण कार्य र प्रक्रियाहरूलाई यस खण्डमा संश्लेषण गरी राखिएको छ । यस अध्ययन विधिले अनुसन्धान योजनाको कार्यान्वयन प्रक्रियालाई स्पष्ट गर्छ । यसैले अध्ययन विधिलाई अनुसन्धानको मुख्य खण्डको रुपमा लिने गरिन्छ । क्षेत्रगत अध्ययनबाट सूचना संकलन गर्नका लागि परिमाणात्मक र गुणात्मक दुवै तरिकालाई यस अनुसन्धानको आधार बनाइएको छ । यस अध्ययनमा निर्धारित गरिएका उद्देयहरू प्राप्तिका लागि तथ्याङ्क तथा सूचना संकलन गर्दा विभिन्न आधारमा र पद्धतिहरूको अबलम्बन गरिएको छ ।

## ३.१. अनुसन्धानात्मक ढाँचा

यस अनुसन्धानमा प्रस्तुत उद्देश्यहरू परिपुर्ति गर्ने लक्ष्यसहित सीमित स्रोतसाधनको सीमाभित्र रही अन्वेषणात्मक र वर्णनात्मक ढाँचाको प्रयोग गरिएको छ । यसका साथै परिमाणात्मक र वर्णनात्मक ढाँचामा समेत अध्ययनलाई सीमित गर्ने प्रयास गरिएको छ ।

वर्णनात्मक अनुसन्धान ढाँचामा खास गरी विद्यालय सुधार योजनाको निर्माण र कार्यान्वयन प्रक्रियामा आइपरेका समस्याको पहिचान र प्रभावकारिताका बारेमा स्पष्ट रुपमा खोज तथा अनुसन्धान गरी प्राप्त सूचनालाई समालोचना गरी अनुसन्धान गरिएको छ भने परिमाणात्मक ढाँचामा प्रधानाध्यापक, कक्षा शिक्षक, विद्यार्थी र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीको न्यूनतम ज्ञानको परीक्षण तथा उनीहरूमा लुकेर रहेका वास्तविक र तथ्यपूर्ण ज्ञानको उजागर गरी गुणात्मक सूचनाहरू लिईएको छ ।

## ३.२. तथ्याङ्क संकलन प्रक्रिया

शोध कार्यलाई निष्कर्षमा आवश्यक पर्ने सूचना, जनाकारी, तथ्याङ्कहरू संकलनका लागि देहाय अनुसारको व्यवस्था कायम गरीएको छ ।

### ३.२.१. जनसंख्या

यस अध्ययनका लागि झापा जिल्लाको हल्दिवारी स्रोतकेन्द्रभित्र संचालित २१ वटा सामुदायिक विद्यालयहरू (प्राथमिक, निम्न माध्यमिक र माध्यमिक) जनसंख्या (Universe) को रुपमा रहेका छन् । यस्तै यी विद्यालयहरूभित्र कार्यरत विद्यालयका प्रधानाध्यापक, शिक्षक, व्यवस्थापन समितिका पदाधिकारी, विद्यार्थी, शिक्षक अभिभावक संघका पदाधिकारी, अभिभावक विद्यालय सुधार योजना, शिक्षाप्रेमी, समाजसेवी तथा अन्य सरोकारवाला समेतलाई अध्ययनको जनसंख्याको रुपमा लिइएको छ ।

### ३.२.२. नमूनाको आकार

हल्दिवारी स्रोतकेन्द्रभित्र २१ वटा मात्रै सामुदायिक विद्यालयहरू भएकाले क्रमशः प्रा.वि., नि.मा.वि. र मा.वि. बाट २/२ वटा पर्ने गरी जम्मा ६ वटा नमुना विद्यालयहरूको छनौट (जनसंख्याको २५% भन्दा बढी विद्यालयहरूबाट) गरी तालिका १ अनुसारको आकारमा नमूनाको आकार निर्धारण गरिएको छ ।

**तालिका १ : नमूना जनसंख्या छनौट विवरण**

| क्र. सं. | विद्यालय | ठेगाना | प्र. अ. | शिक्षक | अध्यक्ष SMC | अध्यक्ष PTA | विद्यार्थी | अभिभावक | सरोकारवा शिक्षाप्रेमी समाजसेवी |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | महेन्द्र मा.वि. | जलथल | १ | २ | १ | १ | २ | १ | १ |
| २ | लक्ष्मी नि.मा.वि. | जलथल | १ | २ | १ | १ | २ | १ | १ |
| ३ | धनुषा नि.मा.वि. | जलथल | १ | २ | १ | १ | २ | १ | १ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४ | राष्ट्रिय एकता प्रा.वि. | हल्दिवारी | १ | २ | १ | १ | २ | १ | १ |
| ५ | सरस्वती प्रा.वि. | हल्दिवारी | १ | २ | १ | १ | २ | १ | १ |
| ६ | पशुपति मा.वि. | राजगढ | १ | २ | १ | १ | २ | १ | १ |
| **जम्मा** | | | ६ | १२ | ६ | ६ | १२ | ६ | ६ |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७

### ३.२.३. नमूना छनौट विधि

यस शोध कार्यलाई कार्यक्षेत्र, यातायात र सञ्चार आदिको सहजताको हिसावले उपयुक्त हुने गरी ६ वटा सामुदायिक विद्यालय (प्रा.वि. २ वटा, नि.मा.वि. २ वटा, मा.वि. २ वटा) हरूलाई सम्भावनामूलक नमूना छनौट विधि (Random Sampling Method) को प्रयोग छनौट गरिएको छ भने उद्देश्य मूलक नमूना छनौट विधिबाट प्र.अ. वि.व्य.स. अध्यक्ष, शि.अ.स.का अध्यक्ष, शिक्षक, विद्यार्थी र अभिभावकको छनौट गरिएको छ ।

### ३.२.४. नमूना छनौटको आधार

यस अध्ययन कार्यलाई सरल र सहज पार्न आवश्यक पर्ने सूचनाको लागि नमूना छनौट गर्दा क्षेत्रीय, जातीय, समूहगत, तहगत तथा सुमगमता, सरलता र स्पष्टता समेतलाई आधार मानी नमुनाको छनौट गरिएको छ । सुचनाको विश्वसनीयता, वैधता, प्रमाणिकता, वस्तुनिष्ठता र यर्थाथपरक समेतलाई आधार मानी आर्थिक मितव्ययिता हुँदै समय र स्रोतसाधनको उपलब्धतालाई मुख्य आधार बनाइएको छ ।

## ३.३. अनुसन्धानका साधनहरू

यस शोधको अध्ययनको क्रममा तथ्याङ्क संकलनका लागि सम्बन्धित विद्यालयहरूको प्र.अ.हरू, शिक्षक शिक्षिका, विद्यार्थीहरू, अभिभावकहरू **SMC** र **PTA** को अध्यक्षहरू समाजसेवी, सरोकारवालाहरू, बुद्धिजिवी तथा शिक्षाप्रेमीहरूको लागि अलग / अलग अध्ययन सामग्रीहरू निर्माण गरी सम्बन्धित पक्षहरूसँग प्रत्यक्ष सम्पर्क गरी छलफल, प्रश्नउत्तर, अन्तरवार्ता र प्रश्नावलीको माध्यमबाट सूचना, तथ्याङ्क तथा जानकारी संकलन गर्ने साधनहरू निर्माण गरी प्रयोग गरिएको छ (तालिका २) ।

तालिका २ : तथ्याङ्क संकलनका साधनहरू

| क्र. सं. | साधन | औचित्य | तरिका | श्रोत | कसले |
|---|---|---|---|---|---|
| १ | प्रश्नावली | शोधसँग सम्बन्धित सूचना, जानकारी तथा तथ्याङ्क प्राप्त गर्ने | पूर्व निर्धारित प्रश्नावली भरेर | प्र.अ. शिक्षक, अभिभावक, अध्यक्ष | शोधकर्ता |
| २ | खुल्ला अन्तर्वार्ता | विद्यालय सुधार योजना बारे बुझ्ने | छलफल र अन्तर्क्रिया गरेर | सरोकारवालाहरू | शेधकर्ता |
| ३ | व्यक्तिगत र सामुहिक छलफल | विद्यालयको भावी योजनाबारे बुझ्न | समूहमा छलफल गराएर | सरोकारवाला अभिभावकहरू | शोधकताप्र. अ. |
| ४ | विद्यालय स्रोतकेन्द्र, SMC, PTA | विद्यालयको स्रोतकेन्दमा गई प्र.अ., स्रोतव्यक्ति को अनुमति लिएर | विद्यालयमा र स्रोत केन्द्रमा प्र. अ. र स्रोतव्यक्तिको अनुमति लिएर | विद्यालयको स्रोतकेन्द्रको अभिलेख SIP, प्र.अ., स्रोतव्यक्ति, शिक्षक, विद्यार्थी | शोधकर्ता |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७

## ३.४. तथ्याङ्कका स्रोतहरू

अध्ययनको मुख्य एवम् जटिल पक्षको रुपमा तथ्याङ्क संकलन कार्यलाई लिइन्छ । अध्ययनलाई विश्वासनीय र उद्देश्यमूलक बनाउने कार्यमा तथ्यमा आधारित संकलित तथ्याङ्कले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । उक्त कुरालाई मनन् गरी यस अध्ययनको क्रममा प्राथमिक र द्वितीय स्रोतहरू प्रयोग गरिएको छ ।

### ३.४.१. प्राथमिक स्रोत

यस स्रोत अन्तर्गत अध्ययनको छनौटमा परेका विद्यालयहरूको प्र.अ. शिक्षक, विद्यार्थी, अभिभावक, SMC र PTA को अध्यक्षहरू तथा स्रोतकेन्द्रका स्रोतव्यक्तिसँग प्रत्यक्ष भेटेर प्रश्नावाली भराई छलफल गरी तथ्याङ्क संकलन गरिएको छ ।

### ३.४.२. सहायक स्रोत

यस स्रोत अन्तर्गत छनौटमा परेका विद्यालयहरूको अभिलेख SIP, परीक्षाफल, विद्यार्थी संख्या, Flash-I, Flash II, शिक्षक विवरण र आर्थिक अभिलेखहरू आदि लिइएको छ ।

## ३.५. तथ्याङ्कको प्रस्तुती, विश्लेषण र व्याख्या प्रक्रिया

प्रस्तुत सोधपत्र छनौट गरिएका विद्यालयहरूमा गई सर्वेक्षण गरी तयार गरिएको छ । तथ्याङ्क संकलनको रुपमा प्रश्नावली र खुला अन्तर्वाता प्र.अ. शिक्षक, विद्यार्थी अभिभावक तथा समिति पदाधिकारीलाई वितरण गरी अवस्था जानकारीका लागि अवलोकन फारम समेत निर्माण गरी शोधकर्ता आफैं उपस्थित भई तथ्याङ्क संकलन गएिको छ । विद्यालयको अवस्था जानकारीका लागि अवलोकन फारम समेत निर्माण गरी सुचना संकलन गरिएको छ । त्यस्तै विद्यालयको अभिलेख, SIP परीक्षफल, Flash – I, II आदिबाट समेत आवश्यक तथ्याङ्क संकलन गरीएको थियो । यसरी संकलित तथ्याङ्कहरू उद्देश्यअनुसार क्रमशः मिलाई उपर्युक्त शीर्षकको चयन गर्दै तालिकीकरण, ग्राफ, चित्र-वृत्तिचित्र र प्रतिशतका आधारमा विश्लेषण गर्दै समस्या सामाधान गर्ने उपायका साथ सुझावहरू प्रस्तुत गर्ने कार्य गरिएको छ ।

# परिच्छेद  चार : तथ्याङ्कको व्याख्या र विवेचना

विद्यालय शिक्षा प्रदान औपचारिक गर्ने थलो हो । विद्यालयबाट विद्यार्थी, अभिभावक, समाज र राष्ट्रले गुणस्तरीय शिक्षाको अपेक्षा राखेको हुन्छ । यी अपेक्षाहरू पुरा गर्न विद्यालयको शैक्षिक र व्यवस्थापन पक्षमा सुधार गर्नु पर्दछ । विद्यालयले आफ्नो शैक्षिक र व्यवस्थापन पक्षमा सुधार गरेर विद्यार्थी, अभिभावक, समाज र राष्ट्रले राखेको अपेक्षाहरूलाई पुरा गर्न विद्यालय स्तरमा नै सुधार योजनाहरू, निर्माण, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र पुनर्योजना गर्नुपर्दछ । यसै क्रममा यस शोधमा हल्दीवारी स्रोतकेन्द्रका सामुदायिक विद्यालयहरूको शैक्षिक व्यवस्थापन र सुधारमा SIP को भूमिकाको अध्ययनका लागि त्यस स्रोतकेन्द्रमा रहेका विद्यालयहरूमध्ये नमूना छनौटमा परेका विद्यालयहरूको SIP, परीक्षाफल, विद्यार्थी विवरण, योजना, प्र.अ., शिक्षक, विद्यार्थी, SMC र PTA का अध्यक्ष, अभिभावक, सरोकारवाला र श्रोतकेन्द्र तथा जि.शि.का. बाट प्राप्त सूचना, जानकारी तथ्याङ्कहरू र अभिलेखहरूलाई तथ्याङ्कको रुपमा लिई विवेचना र व्याख्या गरिएको छ ।

## ४.१. विद्यालय सुधार योजनाको वर्तमान अवस्था

विद्यालय सुधार योजना भनेको विद्यालय तहमा बनाइने समयावधिक योजना हो । जसका बालबच्चाहरू जुन विद्यालयमा पढ्छन्, ती बालबच्चाहरूका अभिभावकहरू, विद्यालय स्थापना गर्नका लागि पर्ने समाजसेवी, विद्यालयको विकासमा विभिन्न समयमा मेहनत गरेर वर्तमान अवस्थासम्म ल्याई पुऱ्याउने व्यक्तित्वहरू, विद्यालय वरिपरि रहेका समुदायहरू, प्र.अ. तथा शिक्षकहरू, व्यवस्थापन समितिका पदाधिकारी, स्थानीय निकाय र गैरसरकारी संघसंस्थाहरू भेला भई विद्यालयको वर्तमान अवस्था पहिचान गरी आगामी दिनमा उक्त विद्यालयलाई के कस्तो बनाउने, कसरी बनाउन र कहिलेसम्म उक्त लक्ष्य प्राप्त गर्ने जस्ता विषयमा छलफल तथा समन्वय गरी निश्चित अवधि (५ वर्ष) का लागि सबैको सक्रिय सहभागितामा बनाइने योजनालाई नै विद्यालय सुधार योजना भनिन्छ । सामुदायिक विद्यालयहरूमा यस प्रकारको योजना निर्माण प्रक्रिया कसरी गरिन्छ ? कार्यान्वयन कसरी हुन्छ ? विगतमा निर्माण भएको योजनाको प्रयोग भयो वा भएन? नयाँ

SIP निर्माणको योजना के छ ? आदि कुराको पहिचानको लागि गरिएको खोज तथा अनुसन्धानबाट प्राप्त तथ्याङ्कलाई यसरी व्याख्या विश्लेषण गरिएको छ ।

### ४.१.१. विद्यालय सुधार योजनाको निर्माण प्रक्रिया

विद्यालय सुधार योजनाको निर्माण गर्न प्र.अ. ले सबै स्थानीय सरोकारबालाहरूको भेला बोलाउनु पर्छ र भेलामा विद्यालयको स्थिति प्रतिवेदन जानकारी गराई सरोकारवालाहरूको भावना तथा चाहना थाहा पाउन निश्चित प्रश्नहरूमा छलफल तथा अन्तर्क्रिया गर्नुपर्छ । यसका लागि अध्ययनकर्ताले नमूना छनौटमा परेका विद्यालयहरूको स्थिति बुझ्न अनुसन्धानका साधनहरू बोकी स्थलगत सर्वेक्षण गरी प्राप्त गरेका सूचनालाई यसरी प्रस्तुत  गरिएको छ ।

**तालिका ३ : विद्यालय सुधार योजनाको निर्माण प्रक्रिया**

| विद्यालय | सरोकारवालाको भेला | उपस्थिति | जिम्मेवारी बोध |
|---|---|---|---|
| महेन्द्र मा.वि. | बोलाउने प्रचलन रहेको | ४०% | १०% |
| पशुपति मा.वि. | बोलाउने गरेको | ६०% | १५% |
| लक्ष्मी नि.मा.वि. | बोलाइन्छ | ८०% | २०% |
| धनुषा नि.मा.वि. | शुरुमा बोलाइने गरेको | ६०% | १०% |
| राष्ट्रिय एकता प्रा.वि. | बोलाउने चलन छ | ५०% | १२% |
| सरस्वती प्रा.वि. | बोलाउने चलन छ | ७०% | १५% |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७

माथिको तालिकालाई विश्लेषण गर्दा स्थानीय सरोकारबालाहरूको भेला बोलाउने गरेको स्थिति सबै विद्यालय स्पष्ट रहेको देखिन्छ तर भेलाका लागि पत्राचार गरेका मध्ये महेन्द्र मा.वि. मा ४०%, पशुपति मा.वि. मा ६०%, लक्ष्मी नि.मा.वि.मा ८०%, धनुषा नि.मा.वि. मा ५०% र सरस्वती प्रा.वि. मा ७०% मानिसहरूको उपस्थित  हुने गरेको तथ्य विद्यालयको अभिलेख पुस्तिकाबाट प्राप्त भएको देखिन्छ भने उपस्थित सरोकारबालाहरू जिम्मेवार बोध र कर्तव्यनिष्ठ भएर आफ्नो धारणा राख्ने, चासो देखाउने मानिसको संख्या

ज्यादै न्यून प्रतिशत रहेको विवरण तालिका ३ बाट देखिन्छ । यसले के स्पष्ट हुन्छ भने विद्यालय सुधार योजना निर्माण प्रक्रियाको भावना र मर्म अनुरुप विद्यालयहरूले कार्य गर्न खोजेतापनि सरोकारवाला पक्षहरूबाट न्यून सहभागिता र चासो देखाउनुले सामुदायिक विद्यालयप्रति जनचासो घट्दै गएको निष्कर्ष निकाल्न सकिन्छ । तर उपस्थित व्यक्तिहरूबाट प्राप्त राय, सल्लाह तथा सुझावका आधारमा विद्यालय सुधार योजनामा विद्यालयको वर्तमान अवस्था झल्कने शैक्षिक तथ्याङ्कहरूको विश्लेषण गर्ने गरेको, विद्यालयको दूरदृष्टि, उद्देश्यको स्पष्टता, अल्पकालिन र दीर्घकालिन कार्यक्रमहरू र त्यसका लागि आवश्यक रणनीति तथा लागत अनुमानसमेत स्पष्ट किटान गरी निर्माण गरेको भने स्पष्ट देख्न सकिन्छ ।

### ४.१.२. विद्यालय सुधार योजनाको स्वीकृति प्रक्रिया

कुनै पनि योजनाको निर्माण प्रक्रियापछि त्यसको सफलता र प्रभावकारी कार्यान्वयनका लागि त्यसको स्वीकृति अत्यावश्यक पक्ष हो । त्यस्तै विद्यालय विकासका लागि निर्माण गरिएको SIP स्वीकृतिका लागि लेखाजोखा गर्ने समिति समक्ष प्रस्तुत गर्ने, विश्लेषण गरी आवश्यक सुझावसहित स्वीकृतिका लागि विद्यालय व्यवस्थापन समितिमा नै पठाउने र उक्त समितिले आवश्यक सुझाव समावेश गर्ने प्रावधान रहेको छ । यसका लागि नमूना छनौटमा परेका ६ वटा विद्यालयको स्थिति बुझ्न गरिएको अनुसन्धानका क्रममा प्राप्त सूचनालाई तालिका ४ मा प्रस्तुत गरिएको छ ।

**तालिन ४ : विद्यालय सुधार योजनाको स्वीकृति प्रक्रिया**

| विद्यालय | प्रस्तुत | | | |
|---|---|---|---|---|
| | लेखाजोखा समिति | वि.व्य.स. | स्रोतकेन्द्र/ जि.शि.का. | अन्य निकाय |
| महेन्द्र मा.वि. | प्रस्तुत गर्ने गरेको | अझै सहभागि हुने | माग भएमा | चलन नभएको |
| पशुपति मा.वि. | प्रस्तुत गर्ने गरेको | अझै सहभागि हुने | माग भएमा | चलन नभएको |
| लक्ष्मी नि.मा.वि. | प्रस्तुत गर्ने गरेको | अझै सहभागि हुने | माग भएमा | चलन नभएको |
| धनुषा नि.मा.वि. | प्रस्तुत गर्ने गरेको | अझै सहभागि हुने | माग भएमा | चलन नभएको |
| राष्ट्रिय एकता प्रा.वि. | प्रस्तुत गर्ने गरेको | अझै सहभागि हुने | माग भएमा | चलन नभएको |
| सरस्वती प्रा.वि. | प्रस्तुत गर्ने गरेको | अझै सहभागि हुने | माग भएमा | चलन नभएको |

स्रोत : स्थलगत सर्वेक्षण २०६७

माथिको तालिका ४ लाई विश्लेषण गर्दा विद्यालय सुधार योजनाको निर्माण कार्य समाप्त भएपछि सम्बन्धि निकाय समक्ष प्रस्तुत गरी छलफल र विश्लेषणपछि अन्तिम स्वीकृतिका लागि विद्यालय व्यवस्थापन समिति समक्ष प्रस्तुत गर्नुपर्ने प्रावधानमा नमूना विद्यालयहरूले लेखाजोखा समितिसमक्ष प्रस्तुत गर्ने गरेको स्थिति देखिन्छ भने स्रोतकेन्द्र वा जिल्ला शिक्षा कार्यालयसमक्ष माग भई आएमा मात्र प्रस्तुत गर्ने गरेको तर अन्य सरोकारवाला निकाय समक्ष भने प्रस्तुत गर्ने प्रावधान नै नरहेको स्थिति देखिएको छ । यी सबै निकाबाट आवश्यक राय, सल्लाहा तथा सुझावपछि प्रधानाध्यापकले विद्यालय व्यवस्थापन समितिसमक्ष प्रस्तुत गर्ने गरेको प्रावधान स्पष्ट देख्न सकिन्छ । यसले गर्दा SIP निर्माण सहयोगि पुस्तिका (२०६१) ले जारी गरेको निर्देशनबमोजिम नै SIP निर्माण र स्वीकृत हुने प्रावधान विद्यालयहरूमा रहेको निष्कर्ष निकाल्न सकिन्छ ।

### ४.१.३. विद्यालय सुधार योजनाको कार्यान्वय र अनुगमन प्रक्रिया

**तालिका ५ : विद्यालय सुधार योजनाको कार्यान्वयन र अनुगमन प्रक्रिया**

| विद्यालय | वि.व्य.स.पदाधिकारी | प्र.अ. | गा.शि.स. | स्रोतकेन्द्र जि.शि.का | अन्य निकाय / गैरसरकारी संस्था |
|---|---|---|---|---|---|
| महेन्द्र मा.वि. | जिम्मेवारी लिने तर जवाफदेहिता कमी | एक्लो जिम्मेवारी | गठन हुन नसकेको | वर्षमा २ पटक | कसैको पनि चासो जान नसकेको |
| पशुपति मा.वि. | जिम्मेवारी लिने तर जवाफ देहिता कमी | एक्लो जिम्मेवारी | गठन हुन नसकेको | वर्षमा २ पटक | कसैको पनि चासो जान नसकेको |
| लक्ष्मी नि.मा.वि. | जिम्मेवारी मात्र लिन | एक्लो जिम्मेवारी | गठन हुन नसकेको | वर्षमा १ पटक | कसैको पनि चासो जान नसकेको |
| धनुषा नि.मा.वि. | जिम्मेवारी मात्र लिने | एक्लो जिम्मेवारी | गठन हुन नसकेको | वर्षमा १ पटक | कसैको पनि चासो जान नसकेको |
| राष्ट्रिय एकता प्रा.वि. | जिम्मेवारी पनि लिन स्वीकार नगर्ने | एक्लो जिम्मेवारी | गठन हुन नसकेको | हुदैन | कसैको पनि चासो जान नसकेको |
| सरस्वती प्रा.वि. | जिम्मेवारी पनि लिन स्वीकार नगर्ने | एक्लो जिम्मेवारी | गठन हुन नसकेको | हुदैन | कसैको पनि चासो जान नसकेको |

स्रोत : स्थलगत सर्वेक्षण २०६७

कुनै पनि कार्यक्रमको सफलता त्यसको सफल कार्यान्वयनले जनाउछ र सोही अनुसारको उपलब्धि हासिल हुनसक्छ । त्यस्तै गरी कार्यक्रमलाई सफल बनाउन त्यसमा सरोकार राख्ने निकायहरूबाट सुपरिवेक्षण र अनुगमनको अहम् भूमिका हुन्छ (काफ्ले र अन्य, २०६४) । नमूना छनौटमा परेका विद्यालयहरूको SIP निर्माण प्रक्रिया र कार्यान्वयनको अवस्था पहिचान गर्न गरिएको यस अनुसन्धानबाट प्राप्त सूचनालाई तालिका ५ मा प्रस्तुत गरिएको छ ।

तालिका ५ लाई विश्लेषण गर्दा हल्दिवारी स्रोतकेन्द्रभित्र संचालित विद्यालयहरूले निर्माण गरेको SIP कार्यान्वयन र अनुगमन प्रक्रियामा माध्यमिक विद्यालय वि.व्य.स. पदाधिकारीले जिम्मेवारी लिने तर व्यवहारमा लागु गर्न नसक्ने देखिन्छ भने नि.मा.वि. तहका विद्यालयमा जिम्मेवारी मात्र लिने त्यसपछि कुनै चासो पनि नदेखाउने गरेको स्थलगत अध्ययनका क्रममा पाइयो । यसैगरी प्रा.वि. तहका विद्यालयमा त जिम्मेवारी लिनेसमेत तयार नहुने स्थिति रहको छ । सबै खाले विद्यालयमा प्रधानाध्यापक एक्लै लागि पर्नुपर्ने बाध्यतात्मक स्थितिको सृजना हुने भएको छ । शिक्षाको माथिल्लो निकायबाट हुने अनुगमन र सुपरिवक्षण मा.वि. तहका विद्यालयमा वर्षमा २ पटकसम्म, नि.मा.वि. तहका विद्यालयमा १ पटक र प्रा.वि. तहका विद्यालयमा जाँदै नगएको स्थितिले के स्पष्ट हुन्छ भने समान व्यवहार गर्नुपर्ने निकायले समेत यस्तो व्यवहार प्रर्दशन गर्नाले जिम्मेवारी बोध कसैलाई पनि हुन नसकेको स्पष्ट हुन्छ । यसै सन्दर्भमा अनुसन्धान कर्ताले स्रोतकेन्द्र जि.शिका.बाट हुने अनुगमन र सुपरिवेक्षण तरिकाको सम्बन्धमा जिज्ञासा राख्दा यस प्रकारको जवाफ प्रांप्त भयो (तालिका ६) ।


**तालिका ६ : स्रोतकेन्द्र गर्ने अनुगमन र सुपरिवेक्षणको तरिका**

| प्राप्त उत्तर | प्रतिशत |
|---|---|
| तथ्याङ्क संकलन | ६0% |
| सूचना आदन प्रदान | ३0% |
| शैक्षिक समस्या | ५% |
| पेशागत समस्या | ५% |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७

तालिका ६ अनुसार स्रोतव्यक्तिबाट हुने अनुगमन र सुपरिवेक्षण तथ्याङ्क संकलन मै सीमित रहेको ६०% ले प्रतिक्रिया दिएका छन् । ३० प्रतिशतले सुचनाको आदन प्रदानका लागि अनुगमन हुने गरेको धारणा व्यक्त गरे भने शैक्षिक र पेशागत समस्यामा केन्द्रित हुँदै गर्ने सुपरिवेक्षण ५ प्रतिशत मात्र हुने गरेको विवरण प्राप्त भयो । यसबाट स्रोतकेन्द्रबाट शैक्षिक सुपरिवेक्षण परम्परागत विधि र औपचारिकतामा मात्र सीमित हुने गरेको देखिन्छ । उपर्युक्त विवरणलाई वृतचित्र १ मा पनि प्रस्तुत गरिएको छ ।

**चित्र १ : स्रोतकेन्द्रले गर्ने अनुगमनको तरिका**



### ४.१.४ योजनाको वार्षिक स्थिति र प्रतिवेदन

एक शैक्षिक सत्रको अन्त्यमा वर्षभरि भए गरेका कार्यहरूको समीक्षा गरी विद्यालयको स्थिति प्रतिवेदन तयार गर्ने र सबै सरोकारवालाहरूबीच सार्वजनिक गर्नुपर्दछ । हरेक सरोकारवालाले एक वर्षभरि विद्यालयमा के कस्ता कार्यक्रमहरू भए ? र के कस्ता

कार्यक्रमहरू सम्पन्न हुने सकेनन् ? त्यसको जानकारी लिन पाउने छन्  भने सो बारेमा जानकारी दिनु प्र.अ. तथा वि.व्य.स. को दायित्व हुनेछ । विद्यालयको वार्षिक प्रगति विवरण नियमित रूपमा गा.शि.स., स्रोतकेन्द्र र जि.शि.का. लाई दिनुपर्ने हुन्छ । सो प्रगतिका आधारमा जि.शि.का. ले आगामी वर्ष पाउने स्रोतको निर्धारण हुनेछ । त्यसैले नमूना क्षेत्रभित्रका विद्यालयहरू आफ्नो SIP कार्यान्वयनको प्रगति विवरणको स्थिति कस्तो रहेछ भनी गरिएको खोजीबाट प्राप्त सूचनालाई तालिका ७ मा देखाइएको छ ।

**तालिका ७ : योजनाको बार्षिक स्थिति र प्रतिवेदन**

| **विवरण** | **स्थिति** |
|---|---|
| सरोकारवाला समक्ष | ६०% |
| वि.व्य.स. समक्ष | १००% |
| अभिभावक भेला समक्ष | ४०% |
| गा.शि.स. समक्ष | गठन नभएको |
| अन्य | स्रोत केन्द्रमा बुझाउने गरेको |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७

तालिका ७ लाई विश्लेषण गर्दा विद्यालयहरूले आफ्नो योजनाको कार्यान्वयन पश्चात् त्यसको स्थिति विवरण सरोकारवालासमक्ष प्रस्तुत गर्ने विद्यालय ६०% छन् भने अभिभावक भेला गरी सोही सभासमक्ष ४०% विद्यालयले सार्वजनिक गरेको तर सबै विद्यालयहरूले वि.व्य.स. को बैठकमा भने पेश गरेको जानकारी दिए । प्रतिवेदनको एकप्रति स्रोतकेन्द्रमा   बुझाउने गरेको त्यसको खासै प्रतिक्रिया प्राप्त हुने नगरेको स्थिति रहेको पाइयो । गा.शि.स. गठन नै नभएकाले  त्यसतर्फ कसैको पनि चासो नभएको स्थिति देखिन्छ यसले के स्पष्ट हुन्छ भने SIP कार्यान्वयनको स्थिति कुनै न कुनै माध्यमबाट सबै खाले निकायहरूलाई जानकारी हुने गरेको देखिन्छ ।

अनुसन्धानका क्रममा नमूना विद्यालयहरूमा SIP निर्माण प्रक्रिया त्यसको कार्यान्वयन र प्रगति प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्थामा वैज्ञानिकीकरण, व्यवस्थित र

विद्यालय सुधार योजन सहयोगी पुस्तिका (२०६१) को भावना तथा SIP निर्देशिका समेतलाई ख्याल गर्दै SIP को भूमिकालाई सकारात्मक पक्षमा उम्याउन सकिन्छ ।

### ४.१.५. भावि योजना निर्माण प्रक्रिया

एक योजनाको निर्माण र त्यसको कार्यान्वयन पश्चात् त्यसमा देखिएका कमी कमजोरी सुधार गरी सवल पक्षलाई समावेश गर्दै आगामी योजना निर्माण गर्नुपर्ने हुन्छ । सामुदायिक विद्यालयहरू निर्माण गरिने SIP को कार्यान्वयनपछि नयाँ योजना निर्माणबारे के योजना रहेछ ? भनी सोधिएका प्रश्नावलीमार्फत प्राप्त तथ्याङ्कलाई तालिका ८ मा प्रस्तुत गरिएको छ ।

**तालिका ८ : मा.वि. योजना निर्माणको अवस्था**

| विवरण | अभिभावक भेला | वि.व्य.स. शि.अ.स. भेला गराई | शिक्षक, कर्मचारी र विद्यार्थीसँग छलफल | स्रोतकेन्द्र जि.सि.का. सँग छलफल | स्थानीय निकायसँग छलफल गरेपछि | स्थानीय संघ संस्थासँग गरिएको छलफल |
|---|---|---|---|---|---|---|
| विद्यालयको प्रतिक्रिया | बोलाउने सोचमा रहेको | समितिको नियमित वैठकमा छलफल हुने गरेको | अनौपचारिक रुपमा तुलनात्मक भइरहेको | आफू कार्यलय पुगेको समयमा छलफल हुने गरेको | छलफलका लागि औपचारिकतामा समिति | छलफलका लागि बेलाइए पनि उपस्थिति न्यून छनौट गरेका |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७

तालिका ८ लाई विश्लेषण गर्दा सबै विद्यालय नयाँ SIP निर्माण गर्ने सोचमा रहेको, यसका लागि विभिन्न सरोकारवाला पक्ष वा निकायहरू बीचमा औपचारिक वा अनौपचारिक रुपमा छलफल भई रहको प्रतिक्रिया पाइयो । नमूना विद्यालयमा नयाँ SIP निर्माणका लागि अभिभावक भेला तत्काल बोलाउने सोचाइ रहको पाइयो भने विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघका नियमित बैठकमा नयाँ SIP निर्माणका लागि छलफल भईरहेको जानकारी सबै विद्यालयले दिए ।

यसरी हेर्दा सामुदायिक विद्यालयमा विद्यालय सुधार योजनाको अवस्था सवल रहको निचोड निकाल्न सकिन्छ । यतिबेला टेलर (१९१३) ले प्रतिपादन गरको वैज्ञानिक व्यवस्थापनको सिद्धान्तमा उल्लेख भएअनुसार योजना निर्माणमा मानवीय तथा भौतिक स्रोतसाधनको उचित परिचालन हुन सकेको स्पष्ट हुन्छ भने खतिवडा (२०६६) ले गरेको अनुसन्धानबाट प्राप्त निष्कर्ष जस्तो SIP निर्माणमा सक्रियता देखाएको र सबै प्रक्रिया अवलम्वन गर्ने गरेको कुराले गुरूङ (२०६१) ले भने जस्तो स्थिति नरहेका स्पष्ट हुन्छ ।

## ४.२. शैक्षिक व्यवस्थापनमा विद्यालय सुधार योजनाको प्रभाव

जुनसुकै तथ्याङ्क आ-आफ्नै परिवेश, पहिचान र आवश्यकता रहेको हुन्छन् । विद्यालयहरूले निर्माण गर्ने विद्यालय सुधार योजना पनि यिनै क्षहमा परिलीक्षत हुन्छ । क्क्षए निर्मण गर्दा सबै सरोकारवालाहरूको सक्रिय सहभागिताबट निर्माण गरिनु पर्ने हुनाले यसले विद्यालयको शैक्षिक व्यवस्थापन प्रभाव पारेको हुन्छ (विष्ट २०५६) । यसका लागि अनुसन्धानकर्ता अध्ययनका लागि अनुसन्धानका साधन बाँकी झापा जिल्लाको हल्दिवारी स्रोतकेन्द्रभित्र संचालित सामुदायिक विद्यालयहरूमा निर्माण गरिएका विद्यालय सुधार योजनाले के कस्ता शैक्षिक व्यवस्थापन प्रभाव पारेको छ ? भन्ने सवालमा गरिएको खोज तथा अनुसन्धान पछि प्राप्त तथ्याङ्कहरूको विश्लेषण गरिएको आधारमा यसप्रकार उल्लेख गरिएको छ ।

### ४.२.१. सिकाइ उपलब्धिमा असर पार्ने तत्वहरूः

शिक्षण सिकाइको केन्द्रविन्दु विद्यार्थी हो । विद्यार्थीलाई कसरी सिकाउन सके सिकाइका उपलब्धि बढाउन सकिन्छ ? निर्धारित पूर्व उद्देश्य प्राप्तिका लागि विभिन्न तत्वहरूले प्रभाव पारिरहेकै हुन्छ । त्यसैले अध्ययन क्षेत्रका विद्यालयका विद्यार्थीको सिकाइ उपलब्धिमा असर पार्ने तत्व के - के रहेछन् ? विद्यालय सुधार योजनाले यसलाई कस्तो प्रभाव पारेको रहेछ ? भनी गरिएको छलफल, अवलोकन र प्रश्नोत्तरबाट प्राप्त तथ्याङ्कहरूलाई यसप्रकार प्रस्तुत गरिएको छ ।

तालिका ९ लाई विश्लेषण गर्दा विद्यार्थीको सिकाइ उपलब्धिमा असर पार्ने प्रमुख तत्वको रुपमा पाठ्यक्रम⁄ पाठ्यपुस्तक कार्यान्वयनकर्ता शिक्षक नै बढी जिममेवार रहेको, उसको व्यवहार र प्रयोग गर्ने शिक्षणलाई प्रमुख तत्वको रुपमा लिएको पाइन्छ । यसका अतिरिक्त सामाजिक वातावरण (४), प्रधानाध्यापकको दक्षता (४), विद्यालय वातावरण (४), शिक्षकको व्यवहार एवं शिक्षण विधि (६) पनि उत्तिकै जिम्मेवार रहेको तथ्य स्पष्ट हुन्छ । त्यसैगरी पाठ्यक्रम⁄ पाठ्यपुस्तक (१), अभिभावकको चेतनास्तर (१), अभिभावकको आर्थिक अवस्था (३) र निरीक्षण⁄ पृष्ठपोषण (३) आदि पनि केही हदसम्म असर पार्ने तत्वको रुपमा लिन सकिने तथ्य स्पष्ट हुन्छ । त्यसैले टेलर (१९१९) ले उल्लेख गरे जस्तो विद्यालयमा उपलब्ध स्रोतसाधनको उचित परिचालन गर्दै मानव सम्बन्धको समूचित परिचालन गर्नुपर्नेअवस्था देखिन्छ । विद्यालय सुधार योजनामा समावेश गरिएका कार्यनीति सही तरिकाबाट हुन नसकेको, यसका लागि पहल नभएको समेत स्पष्ट देख्न सकिन्छ ।

**तालिका ९ : सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्वहरू**

| क्र. सं. | असर पार्ने तत्व | लक्षित समूह छलफल | | शिक्षक | जम्मा |
|---|---|---|---|---|---|
| | | विद्यार्थी | समिति⁄अभिभावक | | |
| १ | शिक्षक दरबन्दी संख्या | ३ | ३ | ५ | ११ |
| २ | पाठ्यक्रम⁄पाठ्यपुस्तक | × | × | १ | १ |
| ३ | विद्यालय वातावरण | २ | १ | १ | ४ |
| ४ | शिक्षकको व्यवहार एवं शिक्षण विधि | ३ | १ | २ | ६ |
| ५ | अभिभावकको चेतना | × | × | १ | १ |
| ६ | विद्यार्थीको पृष्ठभूमि | × | १ | २ | ३ |
| ७ | प्रधानाध्यापकको दक्षता | × | १ | ३ | ४ |
| ८ | सामाजिक वातावरण | १ | २ | १ | ४ |
| ९ | अभिभावकको आर्थिक अवस्था | १ | × | २ | ३ |
| १० | निरीक्षण ⁄ पृष्ठपोषण | × | १ | २ | ३ |
| | जम्मा | १० | १० | २० | ४० |

स्रोत :स्थलगत सर्वेक्षण : २०६७

यसरी प्राप्त तथ्याङ्कहरूको प्रस्तुतीकरण र विश्लेषणको आधारमा सिकाइ उपलब्धि घटेको, शिक्षक लगनशील हुन नसकेको, छात्र-छात्राबीच विभेद रहेको र सिकाइमा सहयोगी सामाग्रीको समुचित प्रयोग हुन नसकेको जस्ता समस्या देखिनुले यस क्षेत्रमा पनि टेलर (१९११) भने झैं वैज्ञानिक व्यवस्थापन हुन नसकेको, कामको व्याख्या हुने नगरेको, आतारसंहिताको पालन सबै पक्षले नगरेको निष्कर्ष निकाल्न सकिन्छ । यसका लागि फलेट (१९५०) ले भने झैं सबैसँग सुमधुर सम्बन्ध कायम गर्दै सिकाइ उपलब्धि बढाउन सकिने देखिन्छ । त्यसैगरी NCED (२००२) ले भने झैं तालिममा सिकेको सीप तथा दक्षतालाई कक्षाकोठामा प्रयोग गर्दै व्यवस्थित बसाई, पर्याप्त शैक्षिक सामाग्रीको निर्माण, संकलन र प्रयोगबाट पनि सिकाइ उपलब्धि बढ्ने विश्लेषण गर्न सकिन्छ । यस्तै RPDC (२००३) ले उल्लेख गरेको विद्यार्थी संख्या अत्याधिक, शैक्षिक वातावरण कमजोर र लैङ्गिक विभेद्ले सिकाइ घटाउने भनेतापनि यस क्षेत्रमा यस्तो अवस्था नरहेको तथ्य निकाल्न सकिन्छ ।

### ४.२.२ शिक्षकको कक्षा कार्यभारः

विद्यार्थीको सिकाइ उपलब्धि वृद्धि गर्न शिक्षकको कक्षा कार्य पनि महत्वपूर्ण पाटो हो । शिक्षा नियमावली २०५९ को तेस्रो संशोधन - २०६२ ले सामुदायिक विद्यालयमा कार्यरत शिक्षकले प्रति हप्ता कम्तीमा पनि २४ वटा पिरियोडको कक्षा अनिवार्य रुपमा लिनुपर्ने कानूनी व्यवस्था गरेको छ । अध्ययन गरेको विद्यालयमा कार्यरत शिक्षकले साप्ताहिक रुपमा २८ देखि ३४ घण्टी बढीमा र घटीमा २६ देखि २८ घण्टी लिने गरेको तथ्य देखिन्छ । यसले कक्षा कार्यभार बढी हुँदा शिक्षकहरूको उत्प्रेरणा र कार्यक्षमतामा प्रभाव पर्ने एवम् त्यसले सिकाइ उपलब्धिलाई प्रभाव पार्न सक्ने देखिन्छ । त्यसैले टेलर (१९११) ले उल्लेख गरेको वैज्ञानिक व्यवस्थापनको सिद्धान्तले उल्लेख गरेअनुसार शैक्षिक संस्थामा कार्यरत शिक्षकलाई वैज्ञानिक ढंगबाट कामका बाँडफाँड गरियो र बढी काम गर्नेलार्य बढी नै ज्याला एवम् भत्ता दिइयो भने तीतिहरूको कार्यशैलीमा प्रभाव पर्छ । त्यसले सिकाइ उपलब्धिमा समेत वृद्धि गर्ने अपेक्षा गर्न सकिन्छ ।

### ४.२.३ कक्षा, शिक्षण र मूल्याङ्कनको अवस्था

पाठ्यक्रमले निर्धारण गरेको उद्देश्यहरू प्राप्ति गर्न शिक्षकले पाठ्यवस्तुलाई प्रभावकारी ढंगले कक्षामा शिक्षण गर्नुपर्छ । कक्षा शिक्षणमा विभिन्न शिक्षणविधि र शैक्षिक सामाग्रीको प्रयोग गरी विद्यार्थीहरूलाई विषयवस्तुको ज्ञान, सीप र अभिवृत्तिको विकास गराउन सकिन्छ । कक्षा शिक्षण गर्दा शिक्षण क्रियाकलाप विद्यार्थीको अवस्थालाई दृष्टिगत गरी विद्यार्थी केन्द्रित हुनुपर्छ किनभने विद्यार्थी नै शिक्षण सिकाइका केन्द्रविन्दु हुन् र उनीहरूको सहभागिता र सक्रियता अनिवार्य हुन्छ । यसबाट अपेक्षित सिकाइ उपलब्धि हासिल गराउन सजिलो हुन्छ । यसैगरी कक्षा शिक्षण गर्दा विद्यार्थीको उमेर, परिपक्वता, क्षमता, पूर्वअनुभव र पाठप्रतिको आकर्षण आदिलाई ध्यान दिनुपर्छ । त्यस्तै विद्यार्थीलाई सिकाइने विषयवस्तुको स्वरुप र प्रकृति हेरी शिक्षण सिकाइ गर्नु राम्रो मानिन्छ । यसरी कक्षा शिक्षणपश्चात स्पष्ट किटान गरिएका उद्देश्य पूरा भए/ नभएको लेखाजोखा गर्ने कार्यलाई नै मूल्याङ्कन भनिन्छ । यस्तो मूल्याङ्कन प्रक्रियामा मूल्याङ्कनका विभिन्न माध्यमहरू लिखित, मौखिक, प्रश्नोत्तर र अवलोकन आदिको प्रयोग गर्न सकिन्छ । तर, प्राथमिक तहको मूल्याङ्कन निर्माणात्मक (Formative) हुनेपर्ने तथ्य उल्लख छ किनकि यस मूल्याङ्कनले विद्यार्थीहरूमा देखिएका कमीकमजोरीलाई समयमा नै सुधार गर्ने अवसर प्रदान गर्छ भने शिक्षकलाई पनि आवश्यक पृष्ठपोषण प्राप्त गर्न सजिलो हुन्छ । यसकारण शिक्षक विद्यार्थी अनुपातको विद्यमान अवस्थासँगै शिक्षणविधिको चयन, शैक्षिक सामाग्रीको प्रयोग र मूल्याङ्कनपछि प्राप्त हुने सिकाइ उपलब्धिको अवस्था पहिचान हुन्छ । त्यसैले नमूना छनौटभित्र परेका विद्यालयमा कक्षा शिक्षण र मूल्याङ्कनको अवस्थालाई प्राप्त प्राथमिक तथ्याङ्कको आधारमा तालिका १० मा देखाइएको छ ।

**तालिका १० : विद्यार्थी मूल्याङ्कन कार्यको स्थिति र प्रकार**

| मूल्याङ्कनको स्थिति | उत्तरदाता शिक्षक संख्या | प्रतिशत |
|---|---|---|
| नियमित मूल्याङ्कन गर्छु | ५ | १००.०० |
| अनियमित मूल्याङ्कन गर्छु | ० | ० |
| **जम्मा** | **५** | **१००.००** |
| निर्माणात्मक मूल्याङ्कन (कक्षाकार्य, गृहकार्य, एकाइपरीक्षा) | ३ | ६०.०० |
| मौलिक परीक्षा (प्रश्नोत्तर विधि) | २ | ४०.०० |
| निदानात्मक परीक्षा (अवलोकन विधि र मनोवैज्ञानिक विधि) | ० | ० |
| **जम्मा** | **५** | **१००.००** |
| उत्तरदाता विद्यार्थीको मूल्याङ्कनको अवस्था | विद्यार्थी संख्या | |
| मूल्याङ्कन गर्नुहुन्छ | ६ | ६०.०० |
| मूल्याङ्कन गर्नुहुन्न | ४ | ४०.०० |
| **जम्मा** | **१०** | **१००.००** |

स्थलगत सर्वेक्षण, २०६७

तालिका १० लाई विश्लेषण गर्दा शिक्षकले शिक्षण गरिसकेपछि अन्त्यमा सतप्रतिशत शिक्षकले विद्यार्थीको नियमित मूल्याङ्कन गर्ने गरेको पाइन्छ । विद्यार्थी मूल्याङ्कन गर्दा ६०.०० प्रतिशत शिक्षकले निर्माणात्मक मूल्याङ्कन जसभित्र कक्षाकार्य, गृहकार्य, एकाइपरीक्षा जस्ता विधिलाई अपनाइएको पाइन्छ । तर उत्तरदाता १० जना विद्यार्थीहरूको मूल्याङ्कन गर्दा भने ६० प्रतिशत मूल्याङ्कन गर्नुहुन्छ र ४० प्रतिशतले मूल्याङ्कन गर्नुहुन्न भन्ने विद्यार्थीहरूको विचार रहेको देखिन्छ । यसले के स्पष्ट हुन्छ भने विद्यार्थीको सिकाइ उपलब्धि पहिचान गर्ने माध्यम मूल्याङ्कन नियमित हुनुपर्ने, त्यसभित्र पनि सुधारात्मक मूल्याङ्कन नै हुनुपर्ने हुन्छ । यसबेला फटेल (१९५०) को मानवीय सम्बन्ध सुमधुर बनाउँदै उत्पादन क्षमता बढाउन सकिने तथ्यलाई स्मरण गराएको छ ।

### ४.२.४. विद्यालयको शैक्षिक व्यवस्थापनका तत्वहरू

विद्यालयको शैक्षिक गुणस्तरलाई विभिन्न तत्वहरूले प्रभाव पारिरहेको हुन्छ । त्यसमध्ये विद्यालयसँग सम्बन्धित तत्वहरू कक्षाकोठा, फर्निचर, शैचालय, शिक्षक संख्या, तालिमको अवस्था, अतिरिक्त क्रियाकलाप, विद्यार्थी मूल्याङ्कन, पुस्तकालय र परीक्षाको लागि पूर्वतयारीको व्यवस्था आदि तत्वहरू पर्दछन् । यी तत्वहरूलाई विद्यालय प्रशासनले विद्यालय सुधार योजनासँग समायोजन गर्दै प्रभावकारी रुपमा व्यवस्थापन गर्न सकेमा त्यसले शैक्षिक गुणस्तर वृद्धि गर्नमा प्रत्यक्ष सहयोग पुऱ्याउछ । यसका लागि नमूना विद्यालयको स्थिति अध्ययनबाट प्राप्त तथ्याङ्कलाई तलको तालिका ११ मा देखिाइएको छ ।

**तालिका ११ : विद्यालयहरूको भौतिक पक्षको विवरण**

| विद्यालय | मा.वि. तर्फ | नि.मा.वि. तर्फ | प्रा.वि. तर्फ |
|---|---|---|---|
| कक्षाकोठा/ फर्निचर | पुग्दो (विद्यार्थी संख्या) | पुग्दो (विद्यार्थी संख्या) | नपुग्दो (फर्निचर) |
| शैचालय | भएको (पक्की) | भएको (पक्की) | भएको (कच्ची) |
| छात्र/छात्राका लागि छुटाछुट्टै शैचालय | भएको (अव्यवस्थित) | भएको (अव्यवस्थित) | नभएको |
| पुस्ताकालय | कमजोर रहेको | नभएको | नभएको |
| शिक्षक विद्यार्थी अनुपात | १: ३५ | १:३८ | १:१५ |

स्थलगत सर्वेक्षण, २०६७

तालिका ११ लाई विश्लेषण गर्दा विद्यालय सुधार योजना निर्माण पश्चात् कार्यान्वयनको प्रक्रियामा रहेको योजनामा उल्लेख गरेको अनुसारको लक्ष्य र उद्देश्य प्राप्तिको अवस्था अझै स्पष्ट हुन नसकेको देखिन्छ । नमूना विद्यालयहरूमा माध्यमिक विद्यालयतर्फ कक्षा र विद्यार्थी संख्या अनुसार पुग्दो अवस्थामा देख्न सकिन्छ भने प्राथमिक विद्यालयहरूमा अपुग्दो देखिन्छ । भएका कक्षाकोठा पनि कमजोर अवस्थामा रहेको पाइयो । शिक्षण सिकाइका लागि अवाश्यक पर्ने शिक्षक विद्यार्थी अनुपात माध्यमिक विद्यालय तर्फ १:३५, निम्न माध्यमिक विद्यालय तर्फ १:३८ तथा प्राथमिक विद्यालय तर्फ १:१५ रहेको विद्यालयहरूको अभिलेखमा देखिन्छ । मानिस स्वास्थ्यसँग प्रत्यक्ष सरोकार राख्ने शैचालय र पिउने पानीको अवस्था सबै विद्यालयहरूमा उपलब्ध रहेको तर छात्रछात्रा/ शिक्षक शिक्षिका दुवैका लागि एउटै स्थान रहेको तथा पिउने पानीको अवस्था पनि राम्रो नरहेको स्थलगत

अध्ययनबाट प्राप्त भएको थियो । यसले के देखिन्छ भने विद्यालयको भौतिक अवस्था राम्रो हुन नसकेको, सरकारको नीति अनुरुप कार्य हुन नसकेको, तथा समुदाय र विद्यालयप्रति जनचासो बढन नसकेको जस्ता निष्कर्ष निकाल्न सकिन्छ ।

## ४.३. सिकाइ उपलब्धि न्यून हुने कारणहरू

झापा जिल्लाको हल्दिवारी स्रोतकेन्द्रभित्र सञ्चालित प्राथमिक तहमा शिक्षक विद्यार्थीको अनुपातले विद्यार्थीको सिकाइ उपलब्धि बृद्धि गर्न शिक्षण सिकाइ, क्रियाकलाप एक महत्वपूर्ण पक्ष हो । अध्ययनको सिलसिलामा प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, अभिभावकसँग गरिएको छलफल प्रश्नोत्तर, अवलोकनबाट प्राप्त सूचनाको आधारमा सिकाइ क्रियाकलापका समस्याहरू निम्नानुसार औंल्याइएका छन् ।

### क) प्र.अ.बाट औंल्याइएका कारणहरू

ज्ञ० तालिम प्राप्त शिक्षक भएपनि कक्षाकोठामा सीप प्रयोग गर्न नसक्नु
द्द० पाठ्यक्रम र पाठ्यपुस्तकबीच तालमेल नमिलेको
घ० शैक्षिक सामाग्री र सन्दर्भ सामाग्रीको अभाव रहेको
द्ध० शिक्षक/ विद्यार्थीले पालना गर्नुपर्ने आचारसंहिता पालन नगरेकाले
छ० शिक्षण पद्धतिलाई पूर्ण रुपमा परिवर्तन गर्न नसक्नु
ट० शिक्षक गैरजिम्मेवार रुपमा विद्यालयमा उपस्थित हुनु
ठ० विद्यार्थीको मूल्याङ्कन नियमित नहुनु

### ख) शिक्षकबाट औंल्याइएका कारणहरू

ज्ञ० विद्यालयले निर्माण गर्नुपर्ने योजना बिना नै विद्यालय सञ्चालन गर्नुपर्ने
द्द० प्रधानाध्यापकले आवश्यक वातावरणको निर्माण गर्न नसकेको
घ० विद्यालयको भौतिक अवस्था कमजोर, ढिलो गरी विद्यालयको पठन पाठन शुरु भएको हुनाले

द्ब० सरकारको शिक्षा नीति राजनैतिक परिवर्तन सँग-सँगै परिवर्तन भएको

छ० विद्यालयमा वि.व्या.स. ले उल्लेख्य कार्य गर्न नसकेको

ट० बेला बेलामा हुने हड्ताल र बन्द जस्ता समस्या रहेको

ठ० कक्षाकोठामा फर्निचरको उपयुक्त व्यवस्थापन हुन नसक्नु

ड० छात्रभन्दा 5fqfsf] संख्या बढी हुनाले सिकाइ उपलब्धि सन्तोषजनक नहुनु

**ग) विद्यार्थीहरूबाट औंल्याइएका कारणहरू**

ज्ञ० उपयुक्त शिक्षण सामाग्री, शिक्षण विधि र भौतिक अवस्था नभएको

द्द० दक्ष विषय शिक्षकको अभाव

घ० आफ्नो कार्य/ कामप्रति जिम्मेवार नभई १० मिनेट ढिलो र ५ मिनेट छिटो कक्षा छोड्ने तथा बाँकी समयमा पनि मोवाइल फोनमा कुराकानी गर्ने जस्ता प्रवृत्ति रहेको

द्ब० कक्षाकोठाभित्र अनावश्यक होहल्ला/ क्रियाकलापहरू हुने गरेको

छ० आफ्नो स्तर कस्तो छ ? तत्काल थाहा पाउन नसक्नु

ट० उपयुक्त र सान्दर्भिक शिक्षण विधि र शैक्षिक सामाग्रीको प्रयोग नगरी परम्परागत शिक्षण प्रक्रियामा जोड दिनु

ठ० प्र.अ./ शिक्षक नै नियमित विद्यालय नआउने तथा अभिभावक/ समितिका पदाधिकारीबाट अनुगमनको काम हुन नसकेको

ड० स्वयम् विद्यार्थी नै परीक्षामा हुने पास/ फेललाई मात्र ध्यान बढ्ने हुनाले

## ४.४ सिकाइ उपलब्धि वृद्धि गर्न चालिनुपर्ने कदमहरू:

कक्षा शिक्षणको मुख्य उद्देश्य विद्यार्थीको व्यवहारमा परिवर्तन ल्याउनु हो । त्यसैले नमूना छनौटमा परेका विद्यालयका प्र.अ., शिक्षक, विद्यार्थी, अभिभावक र समितिसँगको छलफल पश्चात् प्राप्त सूचनाहरूको आधारमा विश्लेषण गर्दा प्र.अ. को दृष्टिकोण यस्तो रहेको पाइयो । 'शिक्षकले राज्यस्तरबाट उपलब्ध गराइएका सेवा सुविधा प्राप्त गरिसकेपछि

आफू इमान्दारीपूर्वक कर्तव्यनिष्ठ भई आफ्नो कार्यप्रति लगनशील भई कार्य गरे पक्कै पनि शिक्षकमाथि लाग्दै आएको लाञ्छना हटाउन सकिन्छ ।' सिकाइ उपलब्धि वृद्धि गर्न बेला बेलामा अतिरिक्त क्रियाकलाप सञ्चालन, अवलोकन, भ्रमण, अतिरिक्त कक्षा व्यवस्था र पाठ योजनासहितको कक्षा शिक्षण गरिए पनि सिकाइ उपलब्धि बढाउन सकिन्छ । यसै सन्दर्भमा श्री महेन्द्र मा.वि. का एक जना शिक्षकको धारणा भिन्न रहेको पाइयो 'गृहकार्य र कक्षाकार्यले विद्यार्थीलाई पढाइमा लागि रहन प्रेरणा प्रदान गर्छ र एक किसिमले पढ्नै पर्ने बाध्यताका लागि दवाब सिर्जना गराउने हुनाले परीक्षाभन्दा पनि यस्ता क्रियाकलापलाई जोड लिए सिकाइ राम्रो हुन्छ ।' यसका अलावा जनचेतनामूलक कार्यक्रमको सञ्चालन, उत्कृष्ट विद्यार्थी प्रोत्साहन कार्यक्रम, स्रोतसाधनको अधिकतम् परिचालन, उचित पुरस्कार र दण्डको व्यवस्था, नियमित अनुगमन, पाठ्यक्रम/ पाठ्यपुस्तक र शिक्षक निर्देशिका अनुरुपको शिक्षणको व्यवस्था, शिक्षक नियमित उपस्थिति र निरन्तर विद्यार्थी मूल्याङ्कन जस्ता कार्य गर्न सके सिकाइ उपलब्धि वृद्धि हुनेमा आशावादी रहेको कुरा शिक्षकहरूले छलफल कार्यक्रममा बताए ।

सिकाइ क्रियाकलापको एक हिस्सा विद्यार्थीसँग गरिएको प्रश्नोत्तर कार्यक्रममा सिकाइ उपलब्धि वृद्धि गर्न अपनाउन सकिने काम जस्तैः अनुशासित वातावरण, अतिरिक्र कक्षाको व्यवस्था हुनुपर्ने, समय समयमा अवलोकन भ्रमण र मूल्याङ्कनका लागि निर्माण गरिने प्रश्नपत्रमा सुधार, विद्यार्थी सक्रिय शिक्षण विधिको प्रयोग, पर्याप्त पाठ्यपुस्तक, शैक्षिक सामाग्रीको व्यवस्था र अतिरिक्त क्रियाकलापका साथै मनोरञ्जनात्मक क्रियाकलापमा समेत जोड दिन सक्यो भने विद्यार्थीको रुचि पढाइप्रति बढ्न गई सिकाइ उपलब्धि वृद्धि गर्न सकिने तर्क उनीहरूको रहेको छ ।

विद्यालयको विद्यमान अवस्थालाई नियाल्दा पनि वास्तवमा प्र.अ., शिक्षक र विद्यार्थी नै सबैभन्दा बढी जिम्मेवार हुनुपर्ने देखिन्छ । शिक्षाका उपल्लो निकायले समस्याको पहिचान गर्ने र समस्या समाधानका लागि उपायको खोजी गर्नेभन्दा पनि दैनिक प्रशासन सञ्चालनमा नै व्यस्त रहेको देखिएको छ । यसले गर्दा विद्यालयले समाजको माग र चाहनाअनुसार जनशक्ति उत्पादनमा जोड दिनैपर्छ । जसले गर्दा कक्षाकोठाभित्रका समस्यादेखि लिएर कार्यभार र मूल्याङ्कन जस्ता विषयमा छलफल गर्दै अगाडि बढ्न सके

सिकाइ उपलब्धि केही हदसम्म बढाउदै गर्दै लैजान सकिन्छ । जसले अहिलेको विद्यामान् सिकाइ उपलब्धि बढाउने गर्न पनि सहयोग गर्छ ।

# परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझाव

## ५.१. प्राप्तिहरू

हल्दिवारी स्रोतकेन्द्रअन्तर्गतका सामुदायिक विद्यालयहरूको शैक्षिक तथा भौतिक विकासमा SIP को प्रभावको पहिचान गर्नु, विद्यालय सुधार गर्न केन्द्रको मात्रै मुख नताकि आफ्नै तहबाट सुधारको थालनी गर्नुपर्छ भन्ने जानकारी दिन, विद्यालयप्रति समुदाय, अभिभावक र सरोकारवालाहरूको जिम्मेवारी बोध गराउन, विद्यालय सुधारमा आवश्यकता पहिचान गर्न, साधन र स्रोतको व्यवस्था गर्ने, सर्वोत्तम परिचालन गर्ने, क्षमता अभिबृद्धि गर्ने, योजना, निर्माण कार्यान्वयन अनुगमन, मूल्याङ्कन गर्ने, ज्ञान, सीप र दक्षता अभिबृद्धि गर्ने विद्यालयमा गरिने शैक्षिक कार्यहरूलाई योजनावद्ध ढंगले सञ्चालन गर्न स्थानीय समुदाय, निकाय, अभिभावक र सरोकारवालाहरूलाई विद्यालयको स्वामित्व र अपनत्वको भावना जागृत गर्ने, विद्यालयको दुरदृष्टि स्पष्ट पार्ने जस्ता पक्षहरूमा हालसम्म भएका प्राप्तिको बारेमा खोज गर्दै थप सुझावहरू दिनु यस शोधको प्रमुख उद्देश्यहरू रहेको छन् । यी उद्देश्यहरू प्राप्ति गर्न हल्दिवारी स्रोतकेन्द्रअन्तर्गत हल्दिवारी, जलथल र राजगढ गा.वि.स. हरूका २१ वटा सामुदायिक विद्यालयहरूमा यो शोध केन्द्रित रहेको छ ।

यस शोधलाई सफल बनाउन जि.शि.का. झापा अन्तर्गत हल्दिवारी स्रोतकेन्द्र, जलथल, राजगढ र हल्दिवारी गा.वि.स. हरूका सामुदायिक विद्यालयहरूमध्ये २ वटा प्रा.वि., २ वटा नि.मा.वि. र मा.वि. हरूका प्र.अ., शिक्षक शिक्षिका, विद्यार्थी, अभिभावक र SMC र PTA को अध्यक्षहरूमा प्रश्नावली, अन्तर्वार्ता र छलफल गरेर प्राप्त भएको जानकारीहरूबाट यस शोधको प्राप्ति निष्कर्षलाई प्रस्तुत गरिएको छ ।

१. स्रोतकेन्द्रका विद्यालयहरूले SIP निर्माण गरी कार्यान्वयन गरेको पाइयो
२. सरोकारवालाहरूले विद्यालयलाई सुधार र सहयोग गर्न चासो देखाएको पाइयो
३. सबै विद्यालयहरूमा SIP निर्माण कार्यान्वयन मूल्याङ्कन गर्ने सीप र दक्षतामा बृद्धि भएको

४. SIP मार्फत विद्यालयको सीमित स्रोतसाधनको उच्चतम परिचालन गर्ने गरेको पाइयो
५. विद्यालयको भावी योजना दूरदृष्टि (Vision) स्पष्ट भएको पाइयो
६. विद्यालयमा सुधारका लागि आवश्यक सम्पूर्ण पक्षहरूलाई SIP मा समेटिएको

### ५.१.१ हल्दिवारी स्रोतकेन्द्रको अभिलेखबाट प्राप्त नतिजाहरू

१. स्रोतकेन्द्र अन्तर्गतका सबै विद्यालयहरूले आफ्नो विद्यालयको सम्पूर्ण पक्षहरूलाई समेटेर SIP निर्माण गरेको
२. अभिभावकहरूमा विद्यालयहरू प्रति जिममेवार भएका
३. समुदायको विद्यालय प्रति चासो देखाई कार्यक्रमहरूमा सहभागिता बढेको
४. SIP निर्माणमा आवश्यक ज्ञान, सीप र दक्षितामा बृद्धि भएको
५. जिल्ला र सरकारको मात्रै मुख नताकि आफ्नै तहबाट विद्यालय सुधारका कार्यहरू गरेको
६. समुदायमा अभिभावकमा विद्यालयप्रति स्वामित्व र अपनत्वको भावना बढेको
७. विद्यालयको साधन र स्रोतले सर्वोतम परिचालन गरेको
८. विद्यालयको आवश्यकता पहिचान गरी भावी योजना निर्माण गर्न सक्षम भएको
९. विद्यालयको दुरदृष्टि स्पष्ट पार्न सफल भएको
१०. विद्यालयको शैक्षिक सुधार विकासमा SIP को प्रभाव राम्रो भएको
११. सबै विद्यालयहरूले SIP बनाई स्रोतकेन्द्रमा बुझाएको

### ५.२. छनौटमा परेका विद्यालयहरूको अभिलेखबाट प्राप्त नतिजा

१. प्रत्येक विद्यालयहरूले आवधिक रुपमा SIP निर्माण गरेको
२. SIP निर्माणमा ज्ञान, सीप जस्ता दक्षता बृद्धि भएको
३. SIP बाट विद्यार्थी भर्ना दर बढेको
४. शैक्षिक कार्यहरू योजनावद्ध भएको
५. सिकाइ उपलब्धि उच्च रहेको

६. सरोकारवालाहरूलाई विद्यालयको कार्यक्रमहरूमा सहभागी गरेको

७. SIP निर्माण गरी स्रोत केन्द्रमा बुझाएको

८. आर्थिक पारदर्शिता भएको

९. शिक्षक, प्र.अ. र अध्यक्षहरू मिलेर SIP निर्माण कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गरेको

## ५.३. प्र.अ. शिक्षक, अभिभावक, विद्यार्थी र अध्यक्षहरूसँग प्रश्नावली भराई, अन्तरवार्ता र छलफलबाट प्राप्त नतिजाहरू

१. SIP विद्यालय सुधारको लागि सरोकारवालाहरूसँग छलफल गरी बनाइएको हो

२. समुदायको विद्यालयप्रति जिम्मेवारी हुन्छ ।

३. विद्यालयले कार्यक्रमहरूमा बोलाउने गरेको छ ।

४. विद्यालयप्रति अपनत्व र स्वामित्वको भावना जागृत भएको ।

५. विद्यालयको विकास र सुधार गर्न सरकारको मात्रै भर पर्नु हुँदैन भन्ने विचार व्यक्त गरेको ।

६. विद्यालयको हरेक क्रियाकलापमा पारदर्शिता हुनुपर्दछ ।

७. आफ्नै प्रयासबाट पनि विद्यालयलाई सुधार विकास गर्न सकिन्छ ।

८. विद्यालयको सिमित साधन र स्रोतको उच्चतम् परिचालन गरी सदुपयोग गर्नुपर्छ

९. विद्यालयको भावी योजना, दुरदृष्टि हुनुपर्छ

१०. SIP विद्यालय सञ्चालन, सुधार, विकासको दस्तावेज हो

११. विद्यालयको विकास र सुधारमा समुदायले चासो देखाई सक्रिय सहयोग गर्नुपर्दछ

## ५.४. निष्कर्ष

यस शोधको अध्ययन व्याख्या, विश्लेषणबाट निम्नानुसार निष्कर्ष प्राप्त भयो ।

१. विद्यालयको शैक्षिक सुधार र विकास गर्न केन्द्रको मुख नताकी विद्यालय तहबाटै योजना बनाई कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्नु पर्दछ
२. SIP विद्यालय विकास र सुधारको मुख्य दस्तावेज हो
३. विद्यालयको सरोकारवालाहरूको छलफल, सल्लाह, सुझाव र सहयोगबाट मात्र विद्यालयको विकास हुन सक्छ
४. स्रोतकेन्द्रका सबै सामुदायिक विद्यालयले आवधिक रुपमा SIP बनाई कार्यान्वयन गरेको
५. प्र.अ., शिक्षक शिक्षिका, अभिभावक र अध्यक्षको SIP निर्माण, अनुगमन, मूल्याङ्कन र कार्यान्वयन गर्नमा ज्ञान, सीप र दक्षता बढाएको
६. विद्यालयप्रति स्वामित्व र अपनत्वको भावना जागृत गराउन सफल भएको
७. विद्यालयको अवस्थालाई बुझी, आवश्यकता पहिचान गरी भावी योजना दुर दृष्टि (Vision) स्पष्ट पार्न सफल भएको छ
८. अभिभावक र समुदाय विद्यालयप्रति उत्तरदायित्व जिम्मेवार भएको
९. विद्यालयको कार्यक्रममा अभिभावक, समुदायको सक्रिय सहभागिता र पारदर्शिता गरेको
१०. SIP को निर्माण, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनबाट विद्यालयहरूको समग विकास र व्यवस्थापनमा राम्रो प्रभाव परेको छ

## ५.५. सुझावहरू

यस शोधको अध्ययन अनुसन्धान, खोजको नतिजाहरूलाई अध्ययन विश्लेषण गर्दा सामुदायिक विद्यालयहरूको शैक्षिक सुधार, विकासमा SIP को भूमिकालाई अझ व्यापक र प्रभावकारी बनाउन निम्न सुझावहरू प्रस्तुत गरिन्छ ।

१. सम्पूर्ण सरोकारवालाहरूलाई अनिवार्य रुपमा बोलाई विद्यालयको बारेमा व्यापक छलफल गरी SIP बनाउनु पर्छ
२. SIP मा विद्यालयको सम्पूर्ण कार्यक्रमहरूलाई समावेश गर्नु पर्छ
३. जि.शि.का. र स्रोतकेन्द्रबाट निरीक्षण, अनुगमन, मूल्याङ्कन गरिनु पर्छ

४. SIP लाई औपचारिक रुपमा मात्र नलिई व्यवहारिक रुपमा लिएर लागू गर्नुपर्छ

५. विद्यालयहरूको SIP मा समावेश गरेका सम्पूर्ण कार्यक्रमहरू समयमा नै कार्यान्वयन गरी पुरा गर्ने प्रयास गर्नुपर्छ

६. सरोकारवालाहरूको SIP निर्माणमा मात्र हैन कार्यान्वयन समेतमा अनुगमन गर्नुपर्छ

७. विद्यालयको वास्तविक अवस्थाको अध्ययन गरी, साधन र स्रोतले धान्न सक्ने कार्यक्रमहरू राखेर SIP निमाृण गर्नु पर्छ

८. SIP को लक्ष्य तथा उद्देश्यअनुरुप कार्यक्रमहरू कार्यान्वयन भएको/ नभएको, उपलब्धिहरूमाथि छलफल गर्नुपर्छ

९. SIP कार्यान्वयनको क्रममा उत्पन्न समस्या, कमीकमजोरीहरूमाथि छलफल गर्नुपर्छ

१०. विद्यालयको भावी योजना दुरदृष्टि स्पष्ट बनाउनु पर्छ

## ५.६. भविष्यमा अध्ययनका लागि सुझाव

१. विद्यालयको भौतिक विकासमा SIP को भूमिका एक अध्ययन

२. प्राथमिक विद्यालयहरू शैक्षिक उपलब्धि बृद्धिमा SIP को प्रभाव एक अध्ययन

३. SIP प्रति सरोकारवालाहरूको धारणा एक अध्ययन

४. प्र.अ. को कार्यदक्षतामा SIP को भूमिका एक अध्ययन

# सन्दर्भसूची


काफ्ले, वासुदेव र अन्य (२०६४), ***शैक्षिक योजना,*** काठमाण्डौंः भुँडीपुराण प्रकाशन

कोईराला, विद्यानाथ र श्रेष्ठ, चन्द्रबहादुर (२०६३), ***शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार,*** काठमाण्डौंः विद्यार्थी पुस्तक भण्डार

खतिवडा, चैतन्य (२०६६), ***विद्यालय सुधार योजनाको कार्यान्वियन अवस्था,*** एम.एड. तह अप्रकासित शोधपत्र, ईन्द्रपुर, मोरंङ्गः सुकुना बहुमुखी क्याम्पस, शैक्षिक योजना तथा व्यवस्थापन विभाग

गुरुङ्ग, होमनाथ (२०६१), ***सामुदायिक विद्यालयको शैक्षिक विकासमा विद्यालय सुधार योजनाको भुमिका,*** एम.एड. तह अप्रकासित शोधपत्र, कीर्तिपुर, काठमाण्डौंः शैक्षिक योजना तथा व्यवस्थापन विभाग, विश्वविद्यालय केन्द्रीय क्याम्पस

विष्ट, मिनबहादुर (२०५६), ***शिक्षाका सिद्धान्त,*** ललितपुरः साभा प्रकाशन

शर्मा, चिरञ्जीवी(२०५६), ***शिक्षा प्रशासन,*** काठमाण्डौंः एम. के. पब्लिर्सस एण्ड डिष्ट्रीब्युटर्स

शिक्षा तथा खेलकुद मन्त्रालय (२०६६),***शिक्षा ऐन, २०२८ (आठौं संसोधन, २०६१) तथा शिक्षा नियमावली, २०५९ (संसोधन, २०६६ सहित),*** काठमाण्डौं : कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय, कानुनी किताब व्यव्स्था समिति

शिक्षा विभाग (२०५८), ***विद्यालय सुधार योजना,*** सानोठिमी, भक्तपुर : शिक्षा तथा खेलकुद मन्त्रालय, शिक्षा विभाग, आधारभुत प्राथमिक शिक्षा शाखा

शिक्षा विभाग (२०५८), ***विद्यालय सुधार योजना तालिम पुस्तिका,*** सानोठिमी, भक्तपुर : शिक्षा तथा खेलकुद मन्त्रालय, शिक्षा विभाग, आधारभुत प्राथमिक शिक्षा शाखा

शिक्षा विभाग (२०६०), ***सामुदायिक विद्यालय सहयोग कार्यक्रम सहयोगी पुस्तिका,*** भक्तपुर : शिक्षा तथा खेलकुद मन्त्रालय, शिक्षा विभाग, विद्यालय व्यवस्थापन शाखा

शिक्षा विभाग (२०६१), ***विद्यालय सुधार योजना सहयोगी पुस्तिका,*** सानोठिमी, भक्तपुरः शिक्षा तथा खेलकुद मन्त्रालय, शिक्षा विभाग, आधारभुत प्राथमिक शिक्षा शाखा

**सामुदायिक विद्यालयहरुको शैक्षिक व्यवस्थापनमा विद्यालय सुधार योजनाको भूमिका**

# अनुसूची - १

## प्रधानाध्यापक/ शिक्षक लागि प्रयोग गरिएको प्रश्नावली

| | |
|---|---|
| नामः | विद्यालयको नामः |
| ठेगानाः | अनुभव वर्ष : |
| मितिः | शैक्षिक योग्यता : |

१. विद्यालय सुधार योजना निर्माण गर्दा तपाई क-कसलाई बोलाउनु हुन्छ ?

२. SIP ले विद्यालयको विकासमा सुधार ल्याएको छ कि छैन ?

३. SIP ले साधन र स्रोत जुटाउन र परिचालन गर्नमा कत्तिको मद्दत गरेको छ ?

४. विद्यालयको योजना निर्माणमा सरोकारवालाहरुले कत्तिको चासो देखाउँछन् ?

५. विद्यालयको व्यवस्थापकीय क्षमता बढाउन SIP ले कत्तिको मद्दत गरेको छ ?

६. सरोकारवालाहरुले SIP कार्यान्वयनमा कत्तिको चासो देखाउँछन् ?

८. SIP मा कार्यक्रम तथा बजेटको व्यवस्था गर्दा कसलाई प्राथमिकता दिनुहुन्छ ?

९. तपाईको विद्यालयलार्य सुधार गर्न कस्तो योजनाको तर्जुमा गर्नु पर्छ होला ?

१०. तपाईको विद्यालयको मुख्य मुख्य समस्या तथा चुनौतीहरु के के छन् ?

११. SIP को अवधारणलाई अभिभावकसमक्ष कसरी लैजानु हुन्छ ?

१२. तपाईको विद्यालयको भावी योजना के के छन् ?

# अनुसूची - २

## अभिभावक/ समितिका सदस्यलाई प्रयोग गरिएको प्रश्नावली

नाम: विद्यालयको नाम:

पद : अनुभव वर्ष :

मितिः शैक्षिक योग्यता :

१. गाउँको विद्यालयप्रति तपाईंको जिम्मेवारी छ कि छैन ?
२. विद्यालयले SIP निर्माण योजनाको छलफलमा तपाईहरुलाई आमन्त्रित गर्छन् कि गर्दैनन् ?
३. तपाईले विद्यालयलाई सहयोग गर्नुभएको छ ?
४. तपाईं विद्यालयमा हुने कार्यक्रममा सहभागी हुनु भएको छ ?
५. प्रधानाध्यापकले विद्यालयको कार्यक्रममा पारदर्शिता ल्याएको छ कि छैन ? तपाईलाई कस्तो लाग्छ ?
६. विद्यालयको आय - व्यय वार्षिक रुपमा पारदर्शी रुपमा सार्वजनिक भएको छ ?
७. विद्यालय नियमित रुपले चलेको छ कि छैन ?
८. अभिभावक/ विद्यालय व्यवस्थापन समितिका सदस्यलाई विद्यालयका समस्याको बारेमा बैठकमा छलफल गर्ने गरेको छ ?
९. विद्यालयको कार्यक्रममा अभिभावकहरुको कस्तो सहभागिता रहनु पर्दछ ?
१०. SIP अवधारणाको अर्थ प्रधानाध्यापकले सरोकारवालाहरुलार्य प्रष्ट पारेको छ कि छैन ?

# अनुसूची - ३

## विद्यार्थीहरुको लागि प्रयोग गरिएको प्रश्नावली

नामः विद्यालयको नामः

कक्षा : मितिः

१. एउटा कक्षा⁄ वर्गमा बढीमा कति विद्यार्थी राख्न उपयुक्त हुन्छ ?

२. विद्यालयले प्रगति विवरण दिने गरेको छ कि छैन ? छ ( ) छैन ( )

३. राम्रो कार्य गर्ने विद्यार्थी प्रोत्साहन कार्यक्रम विद्यालयले सञ्चालन गरेको छ ?

क) राम्रो अंक ल्याउने विद्यार्थी प्रोत्साहन कार्यक्रम छ ( ) छैन ( )

ख) अतिरिक्त क्रियाकलाप सफल विद्यार्थी प्रोत्साहन कार्यक्रम छ ( ) छैन ( )

ग) अनुशासित विद्यार्थी प्रोत्साहन कार्यक्रम छ ( ) छैन ( )

घ) सरसफाईमा राम्रो ध्यान दिने विद्यार्थी प्रोत्साहन कार्यक्रम छ ( ) छैन ( )

ङ) छात्रवृत्ति वितरण कार्यक्रम गरेको छ ( ) छैन ( )

४. नेपाली, गणित, अंग्रेजी जस्ता विषयमा राम्रो अंक प्राप्त गर्न नसक्नुका कारणहरु के - के हुन् ?

५. राम्रो अंक प्राप्त गर्न कुन - कुन कार्यक्रम विद्यालयले वा सम्बन्धित निकायले सञ्चालन गर्नुपर्छ ?

६. सिकाई उपलब्धिमा असर पार्ने तत्व के - के हुन् ?

७. शिक्षकले शिक्षण गर्दा कसरी गर्नुहुन्छ ? (शिक्षण विधिको प्रयोग अनुसार हेर्ने)

क) व्याख्यान विधि ख) प्रश्नोत्तर ग) प्रयोगात्मक घ) नाटकीय

ङ) प्रदर्शन विधि च) छलफल विधि छ) समस्या समाधान ज) अन्य

८. बढी कठिन वा सरल विषय कुन - कुन हुन् ?

क) नेपाली ख) गणित ग) अंग्रेजी

९. सिकाई उपलब्धि उच्च बनाउन सहयोग पुर्‍याउने प्रमुख तत्व कुन - कुन हुन् ?

प्राथमिकताका आधारमा अंकन गर ।

| | | |
|---|---|---|
| शिक्षक ( ) | विद्यार्थी ( ) | अभिभावक ( ) |
| संघ/ समिति ( ) | अनुगमनकर्ता ( ) | शैक्षिक सामाग्री ( ) |

# अनुसूची - ४

## अवलोकन फारम

विद्यालय :                                                    मितिः

| क्र.सं. | विवरण | अति उच्च | उच्च | मध्यम | सामान्य | निम्न |
|---|---|---|---|---|---|---|
| १. | विषयवस्तुको संगठन | | | | | |
| २. | भषिक प्रयोगस्तर | | | | | |
| ३. | विद्यार्थीको भावना बुझाई | | | | | |
| ४. | शैक्षिक सामाग्रीको छनौट | | | | | |
| ५. | शैक्षिक सामाग्रीको प्रयोग | | | | | |
| ६. | उपयुक्त शिक्षण विधिको छनौट | | | | | |
| ७. | उपयुक्त शिक्षण विधिको प्रयोग | | | | | |
| ८. | विद्यार्थी उत्प्रेरणा | | | | | |
| ९ | उत्साह | | | | | |
| १० | आत्मविश्वास | | | | | |
| ११ | कालोपाटी प्रयोग | | | | | |
| १२ | निर्णय क्षमता | | | | | |
| १३ | उद्देश्य, क्रियाकलाप समायोजन | | | | | |
| १४ | प्रश्नको स्तर | | | | | |
| १५ | विद्यार्थीको जिज्ञासाको उत्तर दिने शैली | | | | | |
| १६ | विद्यार्थीको जिज्ञासाको स्तर | | | | | |
| १७ | शिक्षकको जिज्ञासाको स्तर | | | | | |
| १८ | शिक्षण सीपको विकास | | | | | |
| १९ | कक्षा कोठाको भौतिक व्यवस्थापन | | | | | |
| २० | व्यक्तित्व | | | | | |
| २१ | विद्यार्थी बसाई व्यवस्थापन | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | **जम्मा** | | | | | |

# अनुसूची - ५

## विद्यालयको नामावली र ठेगाना

| | |
|---|---|
| १. महेन्द्र मा.वि. | जलथल - ६, झापा |
| २. पशुपति मा.वि. | राजगढ- ५, झापा |
| ३. लक्ष्मी नि.मा.वि. | जलथल- २, झापा |
| ४. धनुषा नि.मा.वि. | जलथल-८, झापा |
| ५. राष्ट्रिय एकता प्रा.वि. | हल्दिवारी-९, झापा |
| ६. सरस्वती प्रा.वि. | हल्दिवारी-३, झापा |

# अनुसूची - ६

## छनौटमा परेका प्र.अ. वि.व्य.स. अध्यक्ष र PTA अध्यक्षहरू

| विद्यालय | प्र.अ. | अध्यक्ष, वि.व्य.स. | अध्यक्ष, PTA |
|---|---|---|---|
| महेन्द्र मा.वि. | टेक वा. थापा | सन्त लाल मेचे | जीत व. राजवंशी |
| पशुपति मा.वि. | नन्दकुमार कुँवर | गोविन्द सुम्बा | मोतीलाल राजवंशी |
| लक्ष्मी नि.मा.वि. | ओम मिश्र | जीत व. भट्टराई | सत्यधर ढकाल |
| धनुषा नि.मा.वि. | उत्तम सुवेदी | टिकाराम सुवेदी | चक्र थुलुङ्ग, राई |
| राष्ट्रिय एकता प्रा.वि. | द्वारिका सुवेदी | लखन हेमरम | निर्मला माझी |
| सरस्वती प्रा.वि. | गोविन्द पौडेल | डम्बर व. खत्री | जगत व. गिरी |

# अनुसूची - ७

## छनौटमा परेका शिक्षक, विद्यार्थी र अभिभावकको नामावली

| विद्यालय | शिक्षक | विद्यार्थी | अभिावक |
|---|---|---|---|
| महेन्द्र मा.वि. | १. गंगाराम खरेल<br>२. भवानी पराजुली | १. सृजना वन कक्षा-९<br>२. सविता प्रधान कक्षा १० | १. राममाया वन<br>२. गंन्ज वा. प्रधान |
| पशुपति मा.वि. | १.मोहनलाल राजवंशी<br>२. महेन्द्र राजवंशी | १. राम व.राई कक्षा ७<br>२. प्रिति वस्नेत कक्षा ४ | १. श्याम कु. घिमिरे<br>२. भवानी राजवंशी |
| लक्ष्मी नि.मा.वि. | १. विनोद भण्डारी<br>२. गणेश पौडेल | १. अनिता गिरी कक्षा ५<br>२. भूवन गिरी कक्षा ७ | १. राम व. मगर<br>२. हरिप्रसाद भट्टराई |
| धनुषा नि.मा.वि. | १.सन्तकुमार वजिहाङ्ग<br>२. डिल्ली सिटौला | १. सोनु तामाङ कक्षा ८<br>२. रीता तामाङ कक्षा ७ | १.सोमकुमारी तामाङ<br>२. इन्दिरा तामङ |
| राष्ट्रिय एकता प्रा.वि. | १. विष्णु राजवंशी<br>२. अर्जुन पौडेल | १. संदिप शर्मा कक्षा ४<br>२. मिनासी शर्मा कक्षा ५ | १. मञ्जु शर्मा<br>२. नेप्लु शर्मा |
| सरस्वती प्रा.वि. | १. तारा अधिकारी<br>२. रत्नमणी न्यौपाने | १. रुपेश भण्डारी कक्षा ६<br>२. खेम राजवंशी कक्षा ६ | १. खड्ग भण्डारी<br>२. राम प्र. राजवंशी |
| | | | |